कोभिड-१९ महामारीबाट वैदेशिक रोजगारमा रहेका नेपाली कामदारलाई पर्न सक्ने प्रभाव र समस्या समाधानका लागि अपनाउनु पर्ने रणनीतिक उपायहरु

अध्ययन प्रतिवेदन

(बैशाख, २०७७)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्ड

विषय सूची

परिच्छेद	विषय	पृष्ठ
१	**कोभिड-१९ महामारीबाट वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई पर्न सक्ने प्रभाव**	**१-७**
१.१	पृष्ठभूमि	१
१.२	वैदेशिक रोजगारमा संलग्न कामदारको आंकलन	२
१.३	प्रमुख रोजगारदाता मुलुकहरुमा कोभिड-१९ महामारीको वर्तमान अवस्था	३
१.४	अध्ययनको उद्देश्य, विधि तथा सीमा	४
१.५	महामारीका कारण नेपाल फर्किन सक्ने कामदारहरुको बर्गीकरण	५
१.६	तत्काल नेपाल फर्किन सक्ने कामदारहरुको आंकलन	६
२	**श्रमिक उद्दार संयन्त्र, प्रक्रिया र जिम्मेवारीहरु**	**८-१३**
२.१	समस्याको आंकलन र विचारणीय पक्षहरु	८
२.२	उद्धार संयन्त्र तथा जिम्मेवारीहरु	९
२.३	बहुतहको सञ्चार विधि तथा प्रक्रिया	११
३	**श्रमिक फिर्ता रणनीति तथा प्राथमिकताका आधार**	**१४-३०**
३.१	गन्तव्य मुलुकमा श्रमिक फिर्ताको पूर्व तयारी	१४
३.२	नेपाल आइपुगेपछि तत्काल चालिनु पर्ने कदम	२५
३.३	वैदेशिक रोजगारबाट फर्केका श्रमिकको व्यवस्थापनका लागि तहगत भूमिका	२८
३.४	निष्कर्श/सुझाव	२९
४	**रणनीतिक कार्ययोजना**	**३१-३४**
अनुसूची-१	तत्काल उद्दार गर्नु पर्ने कामदारहरुको छनौटका लागि प्रयोग गर्न सकिने फारामको नमूना	**३५-३८**

परिच्छेद-एक

कोभिड-१९ महामारीबाट वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई पर्न सक्ने प्रभाव

१.१ पृष्ठभूमी

वैदेशिक रोजगारीका लागि नेपाल सरकारले इजाजतपत्र प्राप्त संस्था मार्फत् ११० र व्यक्तिगत श्रम स्वीकृतिमार्फत् जान १७२ मुलुकहरु वैदेशिक रोजगारीका लागि खुला गरेको छ । आ.ब. ०५०/५१ देखि चालू आ.ब. को चैत्र मसान्तसम्म अर्थात् गत २५ वर्षभित्र वैदेशिक रोजगार विभागबाट २ लाख ३७ हजार ९६१ महिला र ५२ लाख ५८ हजार ४९९ पुरुष गरी कूल ५४ लाख ९६ हजार ४६० जना नेपाली कामदारलाई वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गरिएको छ । वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुको यकिन तथ्यांक भने राख्न सकिएको छैन । हाल वैदेशिक रोजगारीका लागि कति नेपालीहरु देश बाहिर छन् भन्ने यकिन तथ्यांक समेत पाउन गाह्रो रहेको अवस्था छ । वैदेशिक रोजगार विभागले अनलाईन प्रणाली मार्फत् वैदेशिक रोजगारीबाट फर्किनेहरुको विवरण राख्ने काम हालैको आ.ब. बाट शुरु गरिसकेको छ ।

आ.ब.	श्रम स्वीकृति प्राप्त गर्नेको संख्या		
	पुरुष	महिला	जम्मा
०५०/५१-०६२/६३	७५८,६७५	*तथ्याङ्क प्राप्त नभएको*	७५८,६७५
०६३/६४	२०४,१४३	३९०	२०४,५३३
०६४/६५	२४४,३६६	४,६८५	२४९,०५१
०६५/६६	२११,३७१	८,५९४	२१९,९६५
०६६/६७	२८४,०३८	१०,०५६	२९४,०९४
०६७/६८	३४४,३००	१०,४१६	३५४,७१६
०६८/६९	३६१,७०७	२२,९५८	३८४,६६५
०६९/७०	४२५,८३०	२७,७१३	४५३,५४३
०७०/७१	४९८,८४८	२८,९६६	५२७,८१४
०७१/७२	४९८,४४६	२९,३६८	५२७,८१४
०७२/७३	३९९,४०६	१९,३०७	४१८,७१३
०७३/७४	३४५,०६१	१८,०१२	३६३,०७३
०७४/७५	३११,७४९	२१,०३३	३३२,७८२
०७५/७६	१९८,३६८	१९,१३५	२१७,५०३
०७६/७७ (चैत्र मसान्त	१७२,१९१	१७,३२८	१८९,५१९
कूल :	**५,२५८,४९९**	**२३७,९६१**	**५,४९६,४६०**

स्रोत : वैदेशिक रोजगार विभाग

१.२ वैदेशिक रोजगारीमा संलग्न कामदारको आंकलन

नेपालको जनगणना २०६८ का अनुसार कूल १९ लाख २१ हजार ४९४ जना नेपाल बाहिर रहेको देखिन्छ । यो संख्या भनेको वैदेशिक रोजगार लगायत अन्य विविध उद्देश्यले देश बाहिर रहेकाहरुको तथ्यांक हो । उक्त जनगणनाको प्रतिवेदनका अनुसार ११ लाख ७८ हजार ९२६ जना भारत बाहेक अन्य मुलुकमा रहेको पाईन्छ । यस्तैगरी, आई.ओ.एम. द्वारा प्रकाशित Migration in Nepal, A country Profile 2019 प्रतिवेदनमा वैदेशिक रोजगारी लगायत अन्य प्रयोजन कूल २३ लाख ६५ हजार ९७५ जना नेपालीहरु विश्वका विभिन्न ६९ वटा मुलुकहरुमा रहेको तथ्यांक प्रस्तुत गरेको छ । हाल वैदेशिक रोजगारीमा यति नै नेपाली कामदार रहेको छ भनी ठोकुवाका साथ भन्न सक्ने स्थिति छैन । यद्यपि वैदेशिक रोजगार विभागको गत ३ वर्षको तथ्यांकको आधारमा भन्ने हो भने कम्तीमा पनि १३ लाख ९४ हजार १७२ पुरुष र ९३ हजार २८० महिला गरी कूल १४ लाख ८७ हजार ४५२ जना वैदेशिक रोजगारमा रहेको आंकलन गर्न सकिन्छ । प्रस्तुत तीन आ.ब. मा व्यक्तिगत लिगलाईजेशन र पुनः श्रम स्वीकृति लिएर जाने कामदारको संख्या समेतको आधारमा उक्त संख्याको आंकलन गरिएको हो ।

सि.नं.	श्रम स्वीकृति विवरण	आर्थिक वर्ष					
		०७४/७५			०७५/७६		
		पुरुष	महिला	कूल	पुरुष	महिला	कूल
१	इजाजतपत्र प्राप्त संस्था मार्फत	३,०४,५६८	१९,३०८	३,२३,८७६	१,९१,०२७	१७,३२५	२,०८,३५२
२	व्यक्तिगत श्रम स्वीकृति मार्फत	७,१८१	१,७२५	८,९०६	७,३४१	१,८१०	९,१५१
३	व्यक्तिगत लिगलाईजेशन	१९,९१६	१,३८४	२१,३००	१७,२६५	१,४४३	१८,७०८
४	व्यक्तिगत पुनः श्रम स्वीकृति	२,४८,०५६	१०,५४७	२,५८,६०३	२,६१,०७२	११,५४५	२,७२,६१७
	कूल	**५,७९,७२१**	**३२,९६४**	**६,१२,६८५**	**४,७६,७०५**	**३२,१२३**	**५,०८,८२८**
	पुनः श्रम स्वीकृति र लिगलाईजेशन बाहेक	**३,११,७४९**	**२१,०३३**	**३,३२,७८२**	**१,९८,३६८**	**१९,१३५**	**२,१७,५०३**

सि.नं.	श्रम स्वीकृति विवरण	आर्थिक वर्ष					
		०७६ चैत्र ३० सम्म			कूल जम्मा		
		पुरुष	महिला	कूल	पुरुष	महिला	कूल
१	इजाजतपत्र प्राप्त संस्था मार्फत	१,५७,१३७	१५,१२९	१,७२,२६६	६,५२,७३२	५१,७६२	७,०४,४९४
२	व्यक्तिगत श्रम स्वीकृति मार्फत	७,४७४	२,१९९	९,६७३	२१,९९६	५,७३४	२७,७३०
३	व्यक्तिगत लिगलाईजेशन	७,५८०	८६९	८,४४९	४४,७६१	३,६९६	४८,४५७
४	व्यक्तिगत पुनः श्रम स्वीकृति	१,६५,५५५	९,९९६	१,७५,५५१	६,७४,६८३	३२,०८८	७,०६,७७१
	कूल	**३,३७,७४६**	**२८,१९३**	**३,६५,९३९**	**१३,९४,१७२**	**९३,२८०**	**१४,८७,४५२**
	पुनः श्रम स्वीकृति र लिगलाईजेशन बाहेक	**१,७२,१९१**	**१७,३२८**	**१,८१,९३९**	**६,७४,७२८**	**५७,४९६**	**७,३२,२२४**

स्रोत : वैदेशिक रोजगार विभाग

यसरी माथि प्रस्तुत विभिन्न तथ्यांकहरुका आधारमा भन्ने हो भने हाल वैदेशिक रोजगारीमा कार्यरत् नेपालीहरु बढीमा १५ लाखको हाराहारीमा रहेको आंकलन गर्न सकिन्छ । यसमा भारतमा कार्यरत् नेपाली कामदारहरुको तथ्यांक समावेश गरिएको छैन ।

१.३ प्रमुख रोजगारदाता मुलुकहरुमा कोभिड-१९ महामारीको वर्तमान अवस्था



हाल कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण विश्वका प्राय सबै राष्ट्रहरु समस्यामा परेका छन् । विश्वभर दशौंलाख मानिसहरु कोरोनाको संक्रमणमा परेका छन् भने एकलाख २५ हजारभन्दा बढी मानिसहरु यो महामारीका कारण मृत्यु भैसकेको छ ।[१] नेपालमा पनि कोरोना संक्रमणका विरामीहरु न्यून संख्यामा भए तापनि हजारौंको संख्यामा क्वारेन्टाईनमा रहेका छन् यद्यपि हालसम्म यो महामारीका कारण नेपालमा मृत्यु हुनेहरुको संख्या शून्य रहेको छ । नेपाली श्रमिकहरुको प्रमुख गन्तव्य मुलुकहरु- मलेसिया, साउदी, कतार, कुवेत, यु.ए.ई., बहराईन, ओमान, जोर्डन लगायत अमेरिका, अष्ट्रेलिया, यु.के., क्यानडा, जर्मनी आदि जस्ता मुलुकहरुमा समेत यो महामारीले उग्र रुप लिएको देखिन्छ । हालसम्म यो रोगको औषधी पत्ता लागेको छैन भने सबै मुलुकहरुले आफ्ना नागरिकहरुलाई महामारीबाट बचाउन आफ्नो सम्पूर्ण शक्तिको प्रयोग गरिरहेका छन् । यसै सिलसिलामा अधिकांश रोजगारदाता मुलुकहरुमा कार्यरत आप्रवासी कामदारको स्वास्थ्य सुरक्षाको जिम्मा समेत लिनु परिरहेको र यो महामारीका कारण विश्व अर्थतन्त्रमा समेत नराम्रो क्षति व्यहोर्नु परेको वर्तमान परिस्थितिमा आप्रवासी कामदारहरुले रोजगारी गुमाउनु परिरहेको र मूलत: आफ्नो जीवन रक्षाका लागि खुद कामदारहरु समेत स्वदेश फर्कन खोजीरहेको अवस्था छ ।

[१] प्राय गन्तव्य मुलुकले देशगत आप्रवासी कामदारको स्वास्थ्य विवरण जारी गर्ने नगरेको, प्रकाशित समाचारहरु अनुसार प्रमुख गन्तव्य मुलुकमा करिब ३०० जनामा कोरोना संक्रमण भएको र हालसम्म यू. ए. ई. मा २ जनाको मृत्यू भएको ।



विश्व अर्थतन्त्रमा कोरोना महामारीबाट परेको गम्भिर असरका कारण खुद रोजगारदाता मुलुकहरुले पनि आप्रवासी कामदारलाई स्वदेश फर्कन प्रेरित गरिरहेका छन् । यस्तो प्राकृतिक विपत्तीका कारण समस्यामा परेका प्रत्येक नागरिकहरुको जीवन रक्षाका लागि सरकार जिम्मेवार रुपमा प्रस्तुत भएका छन् । वैदेशिक रोजगारी लगायत अन्य प्रयोजनबाट विदेशमा रहेका तथा कोरोना महामारीका कारण समस्यामा परी स्वदेश फर्कने/फर्काईएका नेपाली नागरिकहरुलाई वर्तमान अवस्थामा जीवन रक्षाका साथै जीवनयापनका लागि राज्यको तर्फबाट यथोचित सम्बोधन गर्नु आजको आवश्यकता हो ।

१.४ अध्ययनको उद्देश्य, विधि तथा सीमा :

(क) उद्देश्य :

विश्वव्यापी कोभिड- १९ महामारीका कारण विभिन्न मुलुकमा रोजगारी गुमाई वा अन्य कारणले अलपत्र परेर घर फर्कन चाहने आप्रवासी श्रमिकको स्वदेश फिर्ती प्रक्रियाका विविध पक्षलाई दिशानिर्देश गर्नु यो प्रतिवेदनको मुख्य ध्येय हो । आप्रवासी श्रमिकलाई गन्तब्य मुलुकबाट नेपाल ल्याई पुऱ्याउँदा सम्मको लामो प्रक्रियाको प्रत्येक चरणमा ध्यान दिनुपर्ने विविध पक्षहरू यस प्रतिवेदनमा उल्लेख गरिएका छन् ।

(ख) विधि :

- **सन्दर्भ सामाग्रीको अध्ययन:** वैदेशिक रोजगार र कामदारको उद्धार सम्बन्धी सन्दर्भ सामग्रीहरूको अध्ययन, पत्र पत्रकामा प्रकाशित पछिल्ला घटनाक्रम, गैर आवासीय नेपाली संगठनका प्रकाशन र विज्ञप्तीहरु लगायत विभिन्न सामाग्रीहरुको अध्ययन गरी विश्लेषण गरिएको छ ।

- **असल अभ्यास र मोडेल:** विभिन्न देशद्वारा अपनाइएका स्वदेश फिर्ती प्रक्रियाका मोडालिटीहरूको समीक्षा यस प्रतिवेदनमा गरिएको छ । खासगरी ठूलो संख्यामा

आप्रवासी श्रमिक आपूर्ति गर्ने फिलिपिन्स, भारत र पाकिस्तानजस्ता देशहरूले कोभिड-१९ महाव्याधिका कारण विदेशमा अलपत्र परेका आफ्ना नागरिकहरूलाई कसरी मद्दत पुऱ्याइरहेका छन् भन्ने उदाहरणहरू खोजेर यस प्रतिवेदनमा राखिएको छ ।

- **विगतका अनुभव र सिकाईः** विगतमा विदेशबाट आप्रवासी श्रमिक उद्दार गरेको नेपालको आफ्नै अनुभवको पनि समीक्षा पनि यस प्रतिवेदनमा गरिएको छ । खासगरी सन् २०११ मा अफ्रिकी मुलुक लिब्यामा गृहयुद्ध चर्किदा त्यहाँ फसेका नेपाली आप्रवासी श्रमिकलाई नेपालले कसरी उद्दार गरी स्वदेश फिर्ता ल्यायो भन्ने अनुभव यस प्रतिवेदनमा समेटिएको छ ।

- **छलफल र विमर्शः** यो प्रतिवेदन तयार पार्ने क्रममा आप्रवासी श्रमिक, सरकारी अधिकारी, विभिन्न देशमा रहेका नेपाली दूतावासका अधिकारी, सुरक्षित आप्रवासनको क्षेत्रमा कार्यरत गैरसकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मी एवं अन्य सरोकारवालाहरूसँग पनि छलफल एवं परामर्श गरिएको छ ।

(ग) अध्ययनको सीमा

- तथ्याङ्कको अभावमा यो प्रतिवेदनमा समस्याको वास्तविक चित्रण गर्न निकै मुश्किल भएको आंकलनमा सीमित हुनु ।
- गन्तव्य मुलुकमा समेत लकडाउनका कारण कामदारका प्रतिनिधिहरुसंग छलफल हुन कठिन हुनु ।
- लकडाउनका कारण आवागमनमा कठिनाई भएकाले अन्य सम्बद्ध स्रोतसँग अन्तर्वार्ता, छलफल एवं परामर्शका लागि संयोजन गर्न समस्या हुँदा समस्याको सटिक चित्रण हुन नसक्नु ।

१.५ महामारीका कारण नेपाल फर्किन सक्ने कामदारहरुको वर्गिकरण

विभिन्न उद्देश्यले विश्वका विभिन्न मुलुकहरुमा रहेका नेपालीहरु मध्ये विद्यमान महामारीका कारण स्वदेश फर्किने नेपाली नागरिकहरुलाई देहाय बमोजिम वर्गिकरण गर्न सकिन्छ -

(क) श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएकाहरु

१. श्रम स्वीकृति/करार अवधि समाप्त भै नेपाल फर्कन तयार भएका तर लकडाउनका कारण विदेशमा बसीरहेका श्रमिकहरु,

२. नयाँ श्रम स्वीकृति (संस्थागत र व्यक्तिगत) लिई वैदेशिक रोजगारीमा गएका तर करार अवधिभित्र कोरोना महामारीका कारण रोजगारी गुमाई स्वदेश फर्किनेहरु,

३. पुनः श्रम स्वीकृति वा वैधानिकीकरण भै वैदेशिक रोजगारीमा गएका र रोजगारी गुमाई फर्कनेहरु,

४. श्रम स्वीकृति लिएको कम्पनी छाडी अन्यत्र रोजगारमा रही गन्तव्य मुलुकमा गैरकानूनी हैसियतमा रही फर्कन चाहेनेहरु

५. श्रम स्वीकृति र करारको म्याद समाप्त भै रोजगारदाता मुलुकमा अवैधानिक तवरबाट रोजगारीमा लागि रहेकाहरु र वर्तमान परिस्थितिमा अलपत्र परी वा आममाफीबाट लाभ उठाई स्वदेश फर्किनेहरु, र

६. श्रम अवधिभित्र रहेका, रोजगारीमा समस्या नभए तापनि वर्तमान अवस्थामा स्वईच्छाले रोजगारी छाडी स्वदेश फर्कनेहरु ।

(ख) अन्य प्रयोजन विदेशमा रहेका नेपाली नागरिकहरु

१. अध्ययन प्रयोजन विदेशमा बसोवास गरिरहेका नेपाली विद्यार्थीहरु ।

२. व्यापार/व्यवसाय वा पारिवारिक भेटघाट वा व्यक्तिगत प्रयासमा रोजगारी प्राप्त गरेका तर श्रम स्वीकृति नलिई विदेशमा बसोवास गरिरहेका नेपालीहरु ।

३. भिजिट भिसा, इन्टर्न वा अध्ययनको क्रममा गई रोजगारी गरी रहेका तर विद्यमान समस्याका कारण रोजगारी गुमाई वा अलपत्र परी वा संत्रासका कारण फर्किनेहरु ।

४. रोजगारीको सिलसिलामा भारतमा रहेकाहरु र विद्यमान कोरोना महामारीका कारण रोजगार गुमाई वा त्रासका कारण सुरक्षित हुन नेपाल फर्किनेहरु ।

१.६ तत्काल नेपाल फर्किन सक्ने कामदारहरुको आंकलन

करार सम्झौता/भिसाको म्याद समाप्त भएको तर लक डाउनका कारण नेपाल फर्किन नसकेकाहरु, अवैधानिक तवरबाट काम गरिरहेको तथा आममाफीबाट लाभ लिई फर्किन सक्ने र कोभिड १९ महामारीका कारण रोजगारी गुमाई नेपाल फर्किन सक्ने नेपाली कामदारको संख्या देहाय बमोजिम आंकलन गरिएको छ । यो तथ्यांक विदेशस्थित सम्बद्ध नेपाली नियोगबाट प्राप्त सूचनाका आधारमा तयार पारिएको हो ।

क्र.सं.	प्रमुख रोजगारदाता मुलुक	कूल कामदार संख्या	भिसाको म्याद सकिएको र आममाफीका कारण तत्काल फर्कने अनुमानित संख्या	कोभिड १९ का कारण रोजगारी गुमाएर फर्कन सक्ने अनुमानित संख्या	कूल अनुमानित संख्या
१	मलेसिया	३,२५,०००	७,०००	३०,०००	३७,०००
२	कतार	३,५१,८७२	७५,०००	७०,०००	१,४५,०००
३	साउदी अरव	३,०५,०००	२०,०००	१,००,०००	१,२०,०००
४	यु.ए.ई.	२,७५,०००	१२,०००	५५,०००	६७,०००
५	कुवेत	५०,०००	९,०००	१५,०००	२४,०००
६	वहराईन	३५,०००	३,५००	७,०००	१०,५००
७	ओमान	७,०००	५००	३,०००	३,५००
	जम्मा	**१३,४८,८७२**	**१,२७,०००**	**२८०,०००**	**४,०७,०००**

विश्व बैङ्कले विद्यमान संकटको फलस्वरूप विश्वमा जनसङ्ख्याको १५ प्रतिशत बेरोजगार हुने अनुमान गरेको छ ।[२] रोजगार गुम्ने नेपाली श्रमिकको संख्याको अनुमान गर्न सहज छैन । ठूलो संख्यामा नेपालीहरू अदक्ष श्रमिकको रूपमा रहेका र कम्पनी बन्द हुँदा यही समूहका

[२] डा शंकर शर्मा (पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग) अन्तरवार्ता रातोपाटी ०७६।१।५

कामदार संख्यात्मक रूपमा बढी पर्दछन् । यस्तै थुप्रै नेपाली जान अनजनान वा परिवन्दमा परी गैरकानूनी रूपमा काम गरीरहेका छन् । यी झनै उच्च जोखिममा पर्दछन् । विश्व जनसंख्याको १५ प्रतिशत बेरोजगार हुने विश्व वैङ्कको आंकलनलाई आधार मान्दा पनि रोजगार गुमाउने नेपालीको संख्या २५ प्रतिशत भन्दा कम हुने देखिदैन । यस दृष्टिले पनि करिव ४ लाख को हाराहारीमा नेपाली कामदारहरुलाई उद्धार गर्नु पर्ने प्रारम्भिक आंकलन गर्न सकिन्छ । विश्वमा कोरोनाको समस्या लामो अवधिसम्म रहेमा फर्किनेहरुको संख्या बढ्दै जाने निश्चित छ ।

नेपाली कामदारहरु श्रम स्वीकृति लिएर माथि उल्लेखित मुलुकहरु बाहेक अन्य मुलुकहरुमा पनि कार्यरत् रहेको र हाल कोभिड १९ को महामारीबाट विश्व समुदाय नै पीडित रहेको परिप्रेक्ष्यमा नेपाल फर्किन सक्ने संख्या केही थप हुन सक्छ । यसका अतिरिक्त, भारतमा रोजगारी गुमाई फर्किन सक्ने संख्या तथा भिजिट भिसा वा आजाद भिसा आदिमा विदेश गएका काम गरिरहेका, विद्यार्थी लगायत अन्य प्रयोजन विदेशमा रहेका तर कोभिड १९ का कारण स्वदेश फर्किन सक्ने सम्भावित संख्या समेत जोड्ने हो भने उक्त संख्या उल्लेखनीय रुपमा बढ्न पनि सक्दछ ।

परिच्छेद-दुई

श्रमिक उद्दार संयन्त्र, प्रक्रिया र जिम्मेवारीहरु

२.१ समस्याको आंकलन र विचारणीय पक्षहरु

कोभिड-१९ को विश्वव्यापी महामारीका कारण विभिन्न गन्तव्य मुलुकहरुबाट फर्कने नागरिकलाई प्रभावकारी व्यवस्थापन गर्ने चुनौति हाम्रो सामु तेर्सिएको छ । श्रम स्वीकृति लिएर गन्तव्य मुलुक गएका नेपाली श्रमिकलाई, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५ बमोजिम महामारीका कारण श्रमिकलाई तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कुटनीतिक समन्वय र श्रम सहचारीको पहल थाली तुरुन्त नेपाल फर्काउनु पर्ने व्यवस्था रहेको छ । यस क्रममा विदेशमा अत्यन्त जोखिम अवस्थाका नेपालीलाई उद्धार गर्न सर्वोच्च अदालतबाट मिति ०७७।१।४ मा नेपाल सरकारका नाममा परमादेशको आदेश पनि जारी भएको छ ।[३] यद्यपि संसारभर महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड-१९ को कारण श्रमिकलाई स्वदेश फिर्ता गराउनु सजिलो कुरा भने होइन । हवाई यात्रामा प्रतिबन्ध हुनु, फिर्ता ल्याइने श्रमिकहरुमा भाइरसको संक्रमण देखिने जोखिम हुनु, नेपाल ल्याइएपछि उनीहरुलाई क्वारेन्टाइनमा राख्न पर्याप्त सेवा सुविधाको कमी जस्ता कारणहरुले गर्दा उनीहरुलाई नेपाल फिर्ता गराउनमा समस्या देखिरहेको छ । त्यसकारण, श्रमिकहरुलाई नेपाल फिर्ता ल्याउदा देखिन सक्ने सम्भावित चुनैतिहरुसँग सामान गर्न उनीहरुलाई ल्याउनु पूर्व नै आवश्यक योजना र रणनीति बनाउन आवश्यक छ । सीमित हवाई उडान र क्वारेन्टाइनका लागि पर्याप्त सेवासुविधा नभएकाले गर्दा उनीहरुलाई स्वदेश फिर्ता गराउन धेरै समय लाग्ने दखिन्छ । त्यसकारण प्राथमिकताका आधारमा, निम्न पक्षहरुमा विचार गरिनु आवश्यक छ -:

(क) सम्भव भएसम्म गन्तव्य मुलुकका सरकारहरुसँगको वार्तालापलाई प्राथमिकता दिई, नेपाली श्रमिकको स्वास्थ्य, पर्याप्त आवास र खाना, रोकथामका उपायहरुमा पहुँच र भिसासहित अन्य कागजात पत्रमा लचिलोपना सुनिश्चित गर्न आवश्यक छ-। रोजगारी गुमाएर विस्थापित हुने श्रमिकहरुको संख्या बढ्दो छ । त्यसरी रोजगारी गुमाएर विस्थापित भएका आप्रवासी श्रमिकहरुलाई कल्याणकारी सेवा सुविधाको पहुँचमा ल्याउन नेपाल सरकारले दूतावास मार्फत पहल गर्नु पर्छ ।

(ख) सबै कुराको राम्रोसँग बन्दोबस्त भइसकेपछि मात्रै आप्रवासी श्रमिकहरुलाई स्वदेश फिर्ता गराउने प्रक्रिया अगाडि बढाउनु पर्छ । गन्तव्य मुलुक, यात्रा दौरान, र स्वदेश ल्याइपछि राखिने नेपालको क्वारेन्टाइन र यातायात तीनै ठाउँमा उनीहरु सुरक्षित रहनुपर्छ । यी मध्ये कुनै एक चरणमा पनि थारै मात्रै गल्ती हुँदा पनि त्यसले भाइरसको ठूलो जोखिन निम्त्याउन सक्छ ।

आप्रवासी श्रमिकलाई स्वदेश फिर्ता गराउने प्रक्रियाको कार्यान्यवनको क्रममा यी सीमितताहरुलाई विचार गर्नु महत्वपुर्ण हुनेछ । पहिलो, दूतावासहरु गन्तव्य मुलुकमा प्रमुख

[३] ०७६-WO-०९४०

सरकारी साझेदार हुन् । यद्यपि, सबै गन्तव्य मुलुकहरुसँग आवासीय दूतावासहरु हुँदैन, र जहाँ छन् तिनीहरुसँग पर्याप्त स्रोत, साधन र जनशक्तिको अभाव देखिन्छ । दोस्रो, दुतावासहरु राजधानीमा अवस्थित छन् जब कि आप्रवासी श्रमिकहरु गन्तव्य मुलुकभर छरिएका छन्, जसले राजधानी बाहिर समन्यव गर्न चुनौतिपुर्ण बनाउँछ ।

२.२ उद्दार संयन्त्र तथा जिम्मेवारीहरु

(क) स्वदेश फिर्ता व्यवस्थापन समिति :

नेपाल र गन्तब्य मुलुक दुबैतिर स्वदेश फिर्ताको लागि समन्वय गर्न कार्यदल/समितिहरू गठन गरी परिचालन गर्न उपयुक्त हुन्छ । यो रणनीतिको मस्यौदा तयार पार्न र त्यसलाई कुशलतका साथ कार्यान्वयन गर्न स्वदेश फिर्ताको समन्वय गर्ने एक समिति गठन गर्नु वाञ्छनीय हुन्छ । स्वदेश फिर्ताका लागि देहाय बमोजिमका निकायका प्रतिनिधिहरू रहने गरी विदेशमा रहेका नेपाली श्रमिकलाई स्वदेश फिर्ता व्यवस्थापन समितिको गठन गरी परिचालन गरिनु पर्दछ ।

(क) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(ख) परराष्ट्र मन्त्रालय र कन्सुलर सेवा विभाग

(ग) गृह मन्त्रालय

(घ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(च) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(छ) वैदेशिक रोजगार विभाग

(ज) यातायात व्यवस्था विभाग

(झ) वैदेशिक रोजगार बोर्ड

(ञ) वैदेशिक रोजगार व्यवसायी संघ

(ख) स्वदेश फिर्ता व्यवस्थापन समितिको कार्य विवरण :

- सम्बन्धित नियोगहरुसँग नियमित सम्पर्क तथा समन्वय गर्ने,
- नियमित सूचना प्रवाह गर्ने,
- श्रमिकहरुलाई स्वदेश फिर्ता ल्याइने देशहरु छनौटको लागि मापदण्ड तर्जुम ागर्ने,
- स्वदेश फिर्ता ल्याइने श्रमिक छनौटको मापदण्ड तर्जुमा गर्ने,
- उद्धार कार्यमा समन्वय र सहजीकरण गर्ने,
- नेपालमा क्वोन्टाइनको सुविधाको पहिचान र सुविधाहरुको सञ्चालनका लागि मानक सञ्चालन प्रक्रिया निर्धारण गर्ने,
- स्वास्थ्य जाँचका लागि आवश्यक स्रोत साधनको पहिचान र परिचालन गर्ने,
- कामदार घर फिर्ताका लागि यातायात व्यवस्थापन गर्ने,
- प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सूचना आदान प्रदान गर्ने,
- फर्किने श्रमिकहरुको समग्र व्यवस्थापन रणनीतिक कार्ययोजनाको तर्जुमा गरी सम्बन्धित निकायमा पेश गर्ने ।

स्वदेश फिर्ता रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि क्षेत्रगत रुपमा जिम्मेवारीका आधारमा उप-समितिहरु गठन गरी भूमिका एवं जिम्मेवारीहरू स्पष्ट तोकिनु पर्दछ । कोभिड-१९ को जाँच र स्वास्थ्यसँग सम्बन्धित सावधानीहरूका लागि जनस्वास्थ्य विज्ञ र चिकित्सा क्षेत्रका जनशक्तिलाई परिचालन गरिनु पर्दछ ।

(ग) स्वदेश फिर्ता द्रुत उद्दार समूहको गठन र परिचालन :

लजिस्टिकल, प्रशासनिक र आर्थिक व्यवस्थापन लगायत स्वदेश फिर्ताका विभिन्न पक्षहरूको समन्वय गर्न गन्तब्य मुलुकहरूमा कूटनीतिक नियोग प्रमुखको नेतृत्वमा देहाय बमोजिमको एउटा द्रुत उद्दार समूह (र्‍यापिड रेस्क्यू टिम) गठन गरी परिचालन गरिनु पर्दछ ।

(क)	सम्बन्धित दूतावासको राजदूत वा मानार्थ कन्सुलर -	संयोजक
(ख)	प्रतिनिधि, एन.आर.एन.ए.-	सदस्य
(ङ)	श्रम सहचारी/कन्सुलर (श्रम) -	सदस्य सचिव

समितिमा आवश्यकता बमोजिम ट्रेड युनियन तथा कामदारको हितमा कार्यरत अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिने छ ।

(घ) द्रुत उद्दार समूहको कार्य विवरण :

- सम्बन्धित देशका सरकारी निकायका सम्बद्ध पक्षसँग नियमित सम्पर्क गर्ने,
- नेपालको सम्बद्ध समितिसँग नियमित सम्पर्क तथा समन्वय गर्ने,
- नेपाली कामदारहरुसँग नियमित सूचना प्रवाह, सम्पर्क तथा समन्वय गर्ने,
- दुतावासमा स्वदेश फिर्ता हुन इच्छुक व्यक्तिहरुको तथ्यांक संकलन (संलग्न अनुसूची-१ बमोजिम) गर्ने र स्वदेश फिर्ताका लागि प्राथमिकता क्रम (अशक्त, अलपत्र महिला कामदार, आममाफी पाएका आदिका आधारमा) निर्धारण गर्ने,
- नेपालको सम्बद्ध समितिसँगको समन्वयमा स्वदेश फिर्ताका लागि दैनिक उडान तालिका तयार गरी पूर्व जानकारी गराउने ।
- खान र अन्य आपतकालिन सहयोगको लागि अनुरोध फारमको ढाँचा तयार गरी कार्यान्वयन गर्ने,
- स्वदेश फिर्ती प्रक्रियामा नेपाली समुदायका संस्था एवं स्वयंसेवी परिचालन गर्ने,
- आवश्यकताका आधारमा अस्थायी सुरक्षित गृहको व्यवस्थापन गर्ने,
- विमान चढ्नुअघि, विमान चढ्दा र विमान चढेपछि आप्रवासी श्रमिकले के गर्ने भन्ने कुरा प्रष्ट पार्न Standard Operation procedure (SOP) तर्जुमा र कार्यान्वयन गर्ने,
- सबै नागरिकसम्म विमान तालिका, घर फिर्ताको सन्दर्भमा सरकारले गरेका निर्णयहरू एवं सबै सूचना-अपडेटहरू आदिहरुबारे जानकारी गराउन प्रभावकारी सञ्चार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- आप्रवासी श्रमिकको स्वदेश फिर्ताका लागि लाग्ने खर्चहरू जुटाउन विभिन्न लागत सम्बन्धित बजेटको बाँडफाँड - (स्वास्थ्य सेवा, टिकट, खाना, अस्थायी आश्रयस्थल आदि) गर्ने,

- नेपाल फर्किने कामदारको अनिवार्य कोभिड स्वास्थ्य जाँचका लागि आवश्यक व्यवस्थापन गर्ने,
- कामदारको नेपाल फिर्ती प्रकृयामा आवश्यक पर्ने अन्य प्रकृयागत सहजीकरण गर्ने ।

अन्य देशका उदाहरण

फिलिपिन्स : *फिलिपिन्स सरकारले आफ्नो देशका आप्रवासी श्रमिकलाई स्वदेश फिर्ता गराउन छुट्टै कार्यदल गठन गरेको छ । यो समितिको अध्यक्षता दुई निकायले गर्छन् - फिलिपिन्सको यातायात विभाग र वैदेशिक रोजगार कल्याणकारी प्रशासन (ओडब्लूडब्लूए, जुन नेपालको वैदेशिक रोजगार बोर्ड सरह हो) । फिलिपिन्स सरकारले आफ्ना आप्रवासी श्रमिकलाई प्रभावित पार्ने संकटकालीन परिस्थितिहरूसँग सामना गर्न ओभरसिज् प्रिपेयर्डनेस एन्ड रेस्पोन्स टिम पनि बनाएको छ ।*

स्रोत : Phillipines Overseas Employment Administraiton

२.३ बहु-तह सञ्चार विधि तथा प्रक्रिया

संकटको समयमा सञ्चारले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । स्वेदश फिर्ताको तयारीबारे केही संकेत-सूचना मात्रै दिँदा पनि आप्रवासी श्रमिकका मनमा व्याप्त भय एवं चिन्ता कम हुने गर्दछ । हालसम्म विदेशमा रहेका नेपाली श्रमिकलाई सम्बोधन गर्ने गरी एकदमै कम सूचनाहरू प्रभाव भएको गुनासाहरु सुनिने गरिएको छ । सूचना एवं सञ्चारको अभावले उनीहरूमा अन्योल पैदा गरेको छ । अतः आप्रवासी श्रमिकलाई सम्बोधन गर्ने खाले के-कस्ता सूचना-सन्देशहरू सम्प्रेषण गर्ने भन्ने विषयमा सहमति जुटाई सबै तहबाट एकैखाले सूचनाहरू सम्प्रेषण गर्नु आवश्यक छ । यसका लागि देहाय बमोजिमको बहु तह सञ्चारमार्फत् सूचना संप्रेण गर्नु पर्ने देखिएको छ -

(क) वृहत्त सञ्चार	(ख) देश विशेष सञ्चार	(ग) व्यक्तिगत सञ्चार
• प्रधानमन्त्री/मन्त्री (परराष्ट्र/श्रम) ले विभिन्न देशमा रहेका आप्रवासी श्रमिकलाई सम्बोधन गर्ने • वैदेशिक रोजगार बोर्ड/परराष्ट्र मन्त्रालयद्वारा एक-द्वारे अनलाइन सूचना प्रणालीको व्यवस्था	• राजदूतको ठेगाना • साप्ताहिक रुपमा फेसबुक लाइभ	• दूतावासहरूमा हटलाइन, फोनको व्यवस्था • कल सेन्टर (श्रम मन्त्रालय)

(क) वृहत्त सञ्चार तरिका :

आप्रवासी श्रमिकलाई सम्बोधन गर्ने गरी सरकार (सम्माननीय प्रधानमन्त्री/माननीय मन्त्री) द्वारा गरिने सञ्चार विदेशमा रहेका नेपाली कामदारहरुको संरक्षण र हितका निमित्त सरकारको नेतृत्व तहबाट द्विपक्षीय संवाद हुनु पर्दछ भने उच्च नेतृत्व र नेपाल सरकारका

प्रवक्ताबाट विदेशमा कार्यरत नेपालीप्रति केन्द्रित विद्यमान परिस्थितिमा भत्र/त्रासमुक्त हुने वातावरण बनाउन नियमित रुपमा सम्बोधन वा सूचना प्रवाह गरिनु पर्छ ।

(ख) देश विशेषका लागि दूतावासहरूद्वारा गरिने सञ्चार तरिका :

गन्तब्य मुलुकमा रहेको दूतावासले त्यहाँ रहेका नेपालीलाई नियमित रुपमा सम्पर्क, समन्वय र सम्बोधन गर्नु पर्दछ । यसका निमित्त दुतावासले क्यालेण्डर मितिका आधारमा कर्मचारी खटाउने वा सम्बन्धित स्थानमा रहेका नेपाली संस्थाहरु समेत परिचालन गर्न सक्दछन् । मलेसियास्थित नेपाली दूतावासले साप्ताहिक रुपमा गर्ने फेसबुक लाइभ अन्य देशमा रहेका नेपाली दूतावासका लागि अनुकरणीय हुन सक्छ । यसबाट आप्रवासी श्रमिकमाझ व्याप्त अन्योल एवं सङ्कोचहरू हटाउन मद्दत मिल्ने हुन्छ ।

स्वदेश फिर्ताबारे भैरहेको तयारीका सम्बन्धमा नियमित जानकारी गराइनु पर्दछ । कुन देशबाट कुन मितिमा कस्ता प्रकारका कामदारहरु कतिजनाका दरले फिर्ता गराइदैछ भन्ने पूर्व जानकारी हुनु पर्दछ । यसले गर्दा कामदारमा भएका अन्यौल तथा तनाव कम गर्न मद्दत मिल्दछ । यस अवस्थामा जहाज/क्वारेन्टिन क्षमताको तुलनामा घर फर्किन चाहने श्रमिकको संख्या अत्यधिक हुन्छ । यसैले, घर फर्कने व्यवस्था नहुँदासम्म गन्तब्य मुलुकमै खानेकुरा, बास र स्वास्थ्य सेवाको व्यवस्था गर्ने हरसम्भव प्रयासहरू भइरहेका छन् भन्ने कुरामा आप्रवासी श्रमिकलाई आवश्वस्त पार्न जरुरी हुन्छ ।

आप्रवासी श्रमिकका प्रश्न एवं जिज्ञासाहरू सम्बोधन गर्न परराष्ट्र मन्त्रालय/वैदेशिक रोजगार बोर्डअन्तर्गत एकद्वारे अनलान सूचना प्रणाली विकास गर्न सकिन्छ, जहाँ विमान तालिका, घर फिर्ताको सन्दर्भमा सरकारले गरेका निर्णयहरू एवं सबै सूचना-अपडेटहरू व्यवस्थित रुपमा राख्न सकिन्छ ।

(ग) व्यक्तिगत सञ्चार तरिका :

विभिन्न दूतावासमा अहिले रहेका सञ्चार तरिकाहरू यस प्रकार छन्: -

	कतार	यूएई	साउदी अरेबिया	बहराइन	मलेसिया	ओमान	कुवेत
फोन र हटलाइन	छ	छ	छ	छ	छ	छ, दुई कर्मचारीको फोन नम्बर दिइएको	छ
सामाजिक सञ्जाल	छ	छ	छ	छ	साप्ताहिक रुपमा फेसबुक लाइभ	छ	छ

- आप्रवासी श्रमिकले आफू कार्यरत देशमा रहेको नेपाली दूतावासमा फोन गर्दा चाँडोभन्दा चाँडो जवाफ पाउने व्यवस्था गर्न त्यो दूतावासमा उपलब्ध कर्मचारी-क्षमताको विश्लेषण गर्न जरुरी हुन्छ । खासगरी कतार, यूएई र मलेसिया जस्ता आप्रवासी श्रमिकको ठूलो संख्या रहेको देशमा यसबारे ध्यान दिनु जरुरी छ । हरेक दिन कम्तीमा पनि १२ घण्टा यस्तो हटलाइन सेवा उपलब्ध

गराउन कर्मचारी थप्ने विषयमा पनि सोच्नु पर्छ । स्वदेश फिर्ताको क्रममा प्रभावकारी सञ्चारको व्यवस्था गर्न हरेक दूतावासले आप्रवासी श्रमिकका जिज्ञासाको जवाफ दिने र आवश्यक सूचनाहरू उपलब्ध गराउनका लागि स्वदेश फिर्ता समन्वय अधिकारी तोक्नुपर्छ ।

- आप्रवासी श्रमिकको स्वदेश फिर्तामा तिनलाई विदेश पठाउने म्यानपावर व्यवसायीलाई पनि जिम्मेदार ठहऱ्याउनु पर्छ । उनीहरूले आफ्नो कम्पनीमार्फत् विदेश गएका आप्रवासी श्रमिकको अवस्थाको जानकारी लिने, त्यस देशमा रहेका नेपाली दूतावास वा गैरआवासीय नेपाली संघसँग समन्वय गर्ने र आवश्यक परेको खण्डमा सहयोग उपलब्ध गराउने जस्ता जिम्मेदारीहरू पूरा गर्नु पर्छ ।

अन्य देशका उदाहरणहरूः

पाकिस्तानः आप्रवासी श्रमिकहरूलाई नेतृत्व तहबाट नियमितजसो सम्बोधन गर्ने गरिएको छ ।
उदाहरणः https://www.facebook.com/watch/?v=525949138355734
Source: Pakistan Ministry of Overseas Pakistanis and Human Resource Development

फिलिपिन्सः आप्रवासी श्रमिकहरूलाई लक्षित गरी त्यहाँको परराष्ट्र विभागले फेसबुक हेल्प लाइभ सञ्चालन गरिरहेको छ जहाँ विभागका उपसचिव तहका कर्मचारीहरूले श्रमिकका गुनासा सम्बोधन गर्छन् ।
Source: Phillipines Overseas Workers Welfare Administration

श्रीलंका : श्रीलंकाले आप्रवासी श्रमिकहरूलाई लक्षित गरी अनलाइन पोर्टल सञ्चालन गरेको छ । 'कन्ट्याक्ट श्रीलंका' नाम दिइएको यो पोर्टलले श्रमिकका चासोको सम्बोधन, सहयोग प्रदान, तथ्याङ्क सङ्कलन र नीतिनिर्माणमा आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउँछ । श्रंलकाले २४ सै घण्टा चल्ने हटलाइन सेवा पनि सञ्चालन गरिरहेको छ ।
Source: www.contactsrilanka.mfa.gov.lk

भारतः भारतको विदेश मन्त्रालयले मार्च महिनादेखि कोभिड कन्ट्रोल रुम सञ्चालन गर्दै आएको छ । २४ सै घण्टा सञ्चालन हुने यो सेवामार्फत् श्रमिक र तिनका परिवारको जिज्ञासा सम्बोधन गरिन्छ ।
Source: www.mea.gov.in

परिच्छेद-तीन

श्रमिक फिर्ता रणनीति तथा प्राथमिकताका आधार

३.१ गन्तव्य मुलुकमा श्रमिक फिर्ताको पूर्व तयारी

आप्रवासी श्रमिकका सवालहरूलाई सम्बोधन गर्ने हो भने स्वदेश फिर्ता रणनीतिमा यी विषयहरू समेटिनु जरुरी हुन्छ -

(क) समस्याको व्यापकताबारे बुझाई

- **देश छनोट :** कुन देशबाट आप्रवासी श्रमिकहरूलाई स्वदेश फिर्ता ल्याउने भन्ने प्राथमिकता निर्धारण गर्नु जरुरी हुन्छ । उदाहरणका लागि, सामान्यतः ठूलो संख्यामा आप्रवासी श्रमिकहरू रहेको देश मलेसिया र खाडी राष्ट्रमा प्रायः सबैको ध्यान केन्द्रित हुन्छ, तर माल्दिभ्सजस्ता देशहरू पनि छन्, जहाँका आप्रवासी श्रमिकहरू झन् बढी समस्यामा छन् । कतिपय अवस्थामा आप्रवासी श्रमिकहरूलाई तत्काल स्वेदश फिर्ता ल्याउनुभन्दा नियमित विमान सेवा सुचारु नभइञ्जेलसम्म उनीहरूलाई त्यही खानेकुरा र बासको व्यवस्था गर्नु उचित हुन्छ । अर्कोतिर, साउदी अरब र यूएईजस्ता देशहरू पनि छन्, जहाँ रहेका आप्रवासी श्रमिकहरूलाई त्यहाँका सरकारहरूले घर फिर्ता गइहाल्न दबाब दिइरहेका छन् ।

समितिहरूमा छलफल हुने र टुङ्गिने विषयहरू	
अलपत्र परेका श्रमिकको अवस्था	नकारात्मक प्रतिक्रियाहरूबाट जोगिन जुन देशबाट आप्रवासी श्रमिकलाई फिर्ता बोलाइन लागेको हो, त्यो देशलाई स्वदेश फिर्ताका लागि प्राथमिकता दिनुको स्पष्ट औचित्य स्थापित गरिनु पर्छ ।
गन्तब्य मुलुकका सरकारहरूले आप्रवासी श्रमिकबारे बनाएका नीतिहरू । (कतिपय सरकारले लचकदार नीति अपनाएका छन्) ।	
गन्तब्य मुलुकका सरकारले आप्रवासी श्रमिकमाथि दिएको दबाब ।	
विमान सेवाको उपलब्धता/उडान अनुमति ।	
कुनै गन्तब्य मुलुकको सरकार आप्रवासी श्रमिकको स्वदेश फिर्तीको खर्च उठाउन तयार हुन्छ भने त्यो देशलाई प्राथमिकतामा राख्न सकिन्छ ।	

- **श्रमिकको छनोट :** गन्तब्य मुलुकमा रहेका सबै नेपाली श्रमिकहरू उही स्तरको जोखिममा छैनन् । तथ्याङ्कको अभावमा उनीहरूको समस्याको गहनता मापन गर्न गाह्रो छ । यसैले, गन्तब्य मुलुकमा समस्यामा परेका आप्रवासी श्रमिकबारे सूचना सङ्कलन गर्नु आवश्यक छ । सूचना संकलनका लागि प्रयोग गरिने फारामको ढाँचा अनुसूची १ बमोजिमको हुनु उपयुक्त हुन्छ ।

- **सूचना सङ्कलन** : सूचना सङ्कलनका लागि सबै दूतावासहरूले प्रयोग गर्न सक्ने एकरुपी फाराम बनाउनु पर्छ । प्रभावकारी रुपमा सूचना सङ्कलनका लागि दूतावास, सामाजिक सञ्जाल, गैरआवासीय नेपाली संघ र सामुदायिक संस्था परिचालन गर्नु आवश्यक छ । यो सूचना सङ्कलन कार्यबारे घरेलु श्रमिक र इन्टरनेटमा पहुँच नभएकालगायत सबै आप्रवासी श्रमिकलाई जानकारी होस् भन्ने उद्देश्यले सार्वजनिक सूचना प्रशारण गर्नु पर्ने हुन्छ ।
- **सूचना प्रवाह** : सामाजिक सञ्जाल, दूतावासका वेभसाइट, अग्रज सामाजिक व्यक्तित्व र आप्रवासी श्रमिक समूहमार्फत् सूचना संप्रेषण गर्ने कार्यलाई पनि प्राथमिकता दिनु पर्छ । सम्भव भए यसका लागि एसएमएस प्रणालीको पनि प्रयोग गर्न सकिन्छ । गन्तब्य देशमा श्रमिक केन्द्रीकृत तथ्याङ्क प्रणाली छन् ।

अन्य देशका उदाहरणहरू :

घर फर्किन इच्छुक आ-आफ्ना आप्रवासी श्रमिकहरूबारे सबै देशका दूतावासहरूले तथ्याङ्क सङ्कलन गरिरहेका छन् । प्रायः छोटा फाराम प्रयोग गर्ने शैली देखिएको छ ।

***फिलिपिन्स** : फिलिपिन्सको सरकारले भने सबै रिक्रुटमेन्ट एजेन्सीहरूलाई उनीहरूमार्फत् गन्तब्य मुलुक पुगेका आप्रवासी श्रमिकको अवस्था पत्ता लगाई खबर गर्न, देश फर्किने श्रमिकलाई अनिवार्य रुपमा क्वारेन्टिनमा राख्ने प्रबन्ध गर्न र देश आएपछि पनि आ-आफ्नो प्रदेश नपुगुञ्जेल अस्थायी बास, खानेकुरा र यातायातको व्यवस्था गर्न निर्देशन दिएको छ । रिक्रुटमेन्ट एजेन्सीहरूले यसको खर्च आफैं बेहोर्नु पर्ने अन्यथा, उनीहरूले कारबाही सामना गर्नु पर्ने व्यवस्था गरेको छ ।*

(ख) सङ्कलित सूचनाको आधारमा आप्रवासी श्रमिकको जोखिम मापन

सबै आप्रवासी श्रमिकहरू समान जोखिममा हुँदैनन् । र, सबै आप्रवासी श्रमिकहरू घर फर्कन इच्छुक पनि हुँदैनन् । सङ्कलित सूचनाको आधारमा आप्रवासी श्रमिकलाई तिनको जोखिम हेरी वर्गीकरण गर्नु पर्छ ।

समितिहरूमा छलफल हुने र टुङ्गिने विषयहरू						
रोजगारी गुमाएर जोखिममा परेका श्रमिकहरू				कम जोखिममा रहेका/जोखिममा नरहेका	जोखिममा नरहेका	
साना अपराध गरेका कारण निर्वासन केन्द्र (डिपोर्टेशन सेन्टर) वा कारागारमा रहेका श्रमिकहरू	वैधानिकता गुमाएका श्रमिकहरू (जसमा भिजिट भिसा, म्याद सकिएका भिसामा भएका पनि	ती जसले पहिले नै एक्जिट भिसा लिइसकेका थिए, तर लकडाउनका कारण गन्तब्य	ती जसले कम्पनी बन्द भएका कारण रोजगारी गुमाए, वा जसको कम्पनी विभिन्न	ती श्रमिकहरू जो रोजगारीसँग सम्बन्धित कारणले नभई स्वेच्छाले घर फर्किन चाहन्छन्	तलबी विदामा रहेका श्रमिक, जसलाई लकडाउन खुलेपछि रोजगारीको आश्वासन	काम जारी राखेका श्रमिकहरू *(नोट : यहाँ पीपीई पहुँच जोखिमपूर्ण हुन सक्छ ।)*

	पर्छन्), जोसँग रोजगारी छैन ।	मुलुक छाड्न सकेका थिएनन् ।	कारणवश कालो सूचिमा परेको छ ।		मिलेको छ ।	
दीर्घकालीन रोगबाट पीडित श्रमिकहरू, जो कोभिड-१९ सङ्क्रमणको झन् बढी जोखिममा छन् ।			ती जसका रोजगारदाता सम्पर्कविहीन भएका छन् ।			
गर्भवती महिला						
ट्रान्जिटमा अडेकाहरू						
आम माफी पाएर घर फर्किन लागेकाहरू						

आवश्यकता र जोखिमको तहका आधारमा श्रमिकहरूलाई यसरी वर्गीकरण गर्न सकिनेछ :

- प्रारम्भिक चरणको स्वदेश फिर्तामा पर्नेहरू
- पछिल्ला चरणमा स्वदेश फिर्तामा पर्नेहरू
- गन्तब्य मुलुकमै रहने निर्णय गरेकाहरूमा -
  - ✓ अत्यावश्यक सेवामा खटिएकाहरू, जसलाई पर्याप्त सुरक्षा सामग्रीहरू उपलब्ध गराउनु पर्छ ।
  - ✓ अत्यावश्यक नमानिने सेवामा इच्छाविपरीत खटाइएकाहरू, जसलाई सामान्य अवस्थामा काम सुचारु नभइञ्जेल तलबी बिदामा बस्न लगाइनु पर्छ ।
  - ✓ जो हाल काम गरिरहेका छैनन्, तर तलबी विदामा छन् र पछि काममा फर्काइने आश्वासन पाएका छन् ।

स्वदेश फिर्ताका लागि परिचालित स्रोत-साधनको तुलनामा घर फर्किन चाहने आप्रवासी श्रमिकहरूको संख्या अत्यधिक बढी हुने सम्भावनालाई मध्यनजर गर्दै कुन अवस्थामा रहेका श्रमिकलाई स्वदेश फिर्तीमा प्राथमिकता दिइनेछ भन्ने कुरा सुरूमै प्रष्ट पार्नु आवश्यक हुन्छ । सबैभन्दा जोखिममा रहेका श्रमिकलाई स्वदेश फिर्तीमा पहिलो प्राथमिकता दिइने कुरा सबैलाई बुझाउँदै यो छनोट प्रक्रिया निष्पक्ष रहेको प्रष्ट पारिनु पर्छ । आउटरिच र जनचेनतामूलक गतिविधिहरू सकेसम्म समावेशी हुनु पर्छ । सामुदायिक समूह, गैरआवासीय नेपाली संघ, अग्रज सामाजिक व्यक्तित्वहरू, मिडिया, सोसल मिडिया र दूतावासहरू पनि परिचालन गरिनु पर्छ । स्वेदश

फिर्ता प्रक्रियामा हुनसक्ने कुनै कमजोरी, गल्ती वा लापरबाहीबारे आप्रवासी श्रमिकले गुनासो दर्ज गर्न सक्ने बलियो संयन्त्र पनि बनाइनु जरुरी छ ।

अन्य देशका उदाहरणहरू:

पाकिस्तान सरकारले स्वदेश फिर्तामा प्राथमिकता पाउने आधारहरू यस्तो बनाएको छ -

- *विदेशी विमानस्थलमा अलपत्र परेका पाकिस्तानीहरू*
- *रोजगारीबाट निकालिएकाहरू*
- *जेल परेकाहरू*
- *विदेशी भूमिमा अलपत्र परेका तीर्थयात्रीहरू*
- *नजिकको पारिवारिक सदस्यको मृत्युका कारण शोकमा परेकाहरू*
- *औपचारिक भ्रमणमा विदेश पुगेर घर फर्किन नपाएका सरकारी कर्मचारीहरू*
- *भिसा सकिएकाहरू*
- *निश्चित मितिमा म्याद सकिने भिसा भएकाहरू*
- *जहाँबाट स्वदेश फिर्ताका लागि विशेष रुपमा व्यवस्था गरिएका विमानहरू उड्छन्, त्यहीँ रहेका पाकिस्तानीहरू*

यूएईमा रहेका ४० हजार पाकिस्तानी श्रमिकले घर फर्किने आवेदन दिएका छन् । उनीहरूलाई स्वदेश फर्काउने प्रक्रिया सुरू भइसकेको छ ।

Source: Embassy of Pakistan in the UAE

(ग) उपलब्ध गराइने सेवाहरू र बजेटको व्यवस्था

आप्रवासी श्रमिकको स्वदेश फिर्ताका लागि लाग्ने खर्चहरू जुटाउन विभिन्न वित्तीय स्रोतहरू उपलब्ध छन्, जसको राम्रो मापन हुनु पर्छ । विशेषगरी प्रधानमन्त्री कोषको निश्चित भाग यसका लागि खर्च गर्न सकिन्छ । आप्रवासी श्रमिकलाई स्वदेश फिर्ती गराउन र तिनलाई गन्तब्य मुलुकमै आवश्यक सहयोग उपलब्ध गराउन वैदेशिक रोजगार कल्याणकारी कोषको रकम कसरी खर्च गर्ने भन्ने विषयमा प्रष्टता हुनु आवश्यक छ ।

समितिहरूमा छलफल हुने र टुङ्गिने विषयहरू		
	नेपाल	गन्तब्य मुलुक
आप्रवासी श्रमिकहरूले अहिले कुन स्रोतबाट सहयोग पाइरहेका छन् भन्ने बारे देशगत तथ्याङ्क लिने ।	• प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा रहेको कोरोना भाइरस संक्रमण रोकथाम नयिन्त्रण तथा उपचार कोष (निश्चित रकम आप्रवासी श्रमिकका लागि खर्च गर्न सकिन्छ ।) • श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्ड कल्याणकारी कोष (योगदान कर्ताका लागि) • म्यानपावर व्यवसायीहरू	• गन्तब्य मुलुकका सरकारका तर्फबाट सहयोग • रोजगारदाता (खासगरी टिकटका लागि) • च्यारिटी संस्थाहरू (जस्तै- कतार च्यारिटी, रेड क्रेसेन्ट सोसाइटी) • गैरआवासीय नेपाली संघ • निजी क्षेत्रबाट हुने योगदान

(घ) **आधारभूत सेवाहरु उपलब्ध गराउने :**

- **<u>खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरू (साबुन, ह्यान्ड वास आदि)</u>**

जिन्सी (खाद्यान्न) कि नगद सहयोग दिने भन्ने तय गर्नु आवश्यक छ । नगद सहयोग हस्तान्तरण गर्नु सजिलो हुन्छ । अनलाइन बैंकिङ्मार्फत् सोझै खातामा नगद हस्तान्तरण गर्दा पनि हुन्छ । तर, अहिले आवागमनमा प्रतिबन्ध लागेकाले नगदका सट्टा खाद्यान्न सेवा दिनु बढी सजिलो हुन्छ । खाद्यान्नको प्याकेजमा समाविष्ट खानेकुरा र अन्य बस्तुको सूची पनि उपलब्ध गराइनु पर्छ, ताकि श्रमिकले सहयोग लिएको कुरा निश्चित गर्न सकून् । यी खाद्यान्न प्याकेज वितरण गर्न गैरआवासीय नेपाली संघ र अन्य सामुदायिक नेताहरू परिचालन गर्नु महत्वपूर्ण छ । यस सन्दर्भमा दुई विषयमा सोच्नु अपरिहार्य छः गन्तब्य मुलुकको राजधानीबाहिर रहेका आप्रवासी श्रमिकलाई कसरी खाद्यान्न प्याकेज उपलब्ध गराउने ? आवासीय राजदूतावास नरहेका देशमा कसरी सहयोग वितरण गर्ने ? यी दुबै अवस्थामा स्वयंसेवकहरू परिचालन गर्नु आवश्यक छ । प्रभावकारी रुपले खाद्यान्न प्याकेज बाँड्न एउटा अनलाइन फाराम बनाई बाँड्न सकिन्छ । खाद्यान्न प्याकेजको आवश्यकतामा रहेका आप्रवासी श्रमिकले यो फाराम भर्न सक्छन् । यस कार्यका लागि राजधानीबाहिरका सहरमा स्वयंसेवकहरू परिचालन गर्न सकिन्छ ।

समितिहरूमा छलफल हुने र टुङ्गिने विषयहरू	
खाद्यान्न सहयोगका लागि अनुरोध	
नामः	
फोन नम्बरः	
स्थानः	
रोजगारदाताः	
हालको रोजगारी अवस्था ● काम गरिरहेको ● काम नगरिरहेको-तलबी विदामा रहेको ● काम नगरिरहेको-बेतलबी विदामा रहेको ● काम नगरिरहेको-वैधानिक हैसियत नरहेको ● अन्य भए खुलाउने _____	
भिसाको अवधि :	
खाद्यान्न सहयोगका लागि अनुरोध गर्नुपर्ने औचित्य पुष्टि गर्न आफ्नो अवस्था वर्णन गर्नुहोस्	
सहयोग पाउन योग्य ठहरिने आधारः रोजगारी गुमाएको/भिसा सकिएको प्रमाण	

समस्याको व्यापकता ठम्याउन कुन गन्तव्य मुलुकको कुन भौगोलिक क्षेत्रमा कूटनीतिक मिसनहरू छन् कि छैनन् र त्यहाँ आप्रवासी श्रमिकको संख्या कति रहेको छ भन्ने कुरा बुझ्नु जरुरी हुन्छ ।

विभिन्न गन्तव्य मुलुकमा राजधानी बाहिर रहेका आप्रवासी श्रमिकको अनुमानित जनसंख्याः

नोट : यहाँ उल्लेख गरिएका संख्याहरू विभिन्न स्रोतसँगको कुराकानीका आधारमा अनुमान गरिएका हुन् । यसैलाई वास्तविक संख्या मान्न मिल्दैन ।

साउदी अरब	आप्रवासी श्रमिक		कैफियत	मिसनमा कार्यरत कर्मचारीहरू
मध्य क्षेत्र (रियाद क्षेत्र)	८००००	३०%	दुग्ध उद्योगमा मात्रै १० हजारभन्दा बढी कार्यरत छन् ।	साउदी अरबः १३ नेपाली, ६ स्थानीयबासी
पश्चिमी क्षेत्र (जेद्दाह,मक्का मदिना, रबिक, इन्भु, जिजान, ताइफललगायत क्षेत्र)	७००००	२० %		
पूर्वी क्षेत्र (दम्माम, जिवेल, अल्हासा, ताबुक, हाफार अल्वादेन, खाम्जी, नारिया र रहिम लगायत क्षेत्र)	५००००	५० %	अरम्को कम्पनीमा मात्रै करिब ५० हजार नेपाली प्रत्यक्ष रुपले कार्यरत छन्	
मलेसिया				
सेलाङ्गर	१०००००	२८%		मलेसियाः १० नेपाली, ९ स्थानीयबासी
जोहो बारु	८००००	२३ %		
क्वालालुम्पुर	३५०००	१० %		
पेनाङ	४००००	११%		
मलाका	२००००	६%		
पाङ	१००००	३%		
निजेरी	२००००	६%		
अन्यत्र	५००००	१४%		
यूएई				
दुबई	१०००००	४०%		यूएईः ९ नेपाली, १० स्थानीयबासी
अबुधार्बी	६२५००	२५%		
शारजहाँ	३७५००	१५%		
फुजेरा	२५०००	१०%		
अल्यान	१२५००	५%		
रसलखेमा	१२५००	५%		

अन्य देशका उदाहरणहरू:

१) फिलिपिन्स

विस्थापित आप्रवासी श्रमिकका लागि २०० अमेरिकी डलर

योग्यताको आधार:

- *फिलिपिन्सका ती आप्रवासी श्रमिक, जसले गन्तब्य मुलुकमा भएको लकडाउन वा कारोनाभाइरस महामारीका कारण रोजगारी गुमाएको हुनु पर्छ ।*
- *फिलिपिन्सका ती आप्रवासी श्रमिक, जसको नाम वैदेशिक रोजगार साइटमा हुनुपर्छ, वा फिलिपिन्समा रिटर्नीका रुपमा दर्ज भएको हुनु पर्छ ।*
- *फिलिपिन्सका ती आप्रवासी श्रमिक, जसले गन्तब्य देश वा रोजगारदाताबाट सहयोग पाएको हुनु हुँदैन ।*

खाद्यान्न अनुदान प्याकेज : *फिलिपिन्सका आप्रवासी श्रमिकलाई यस्तो एउटा पत्र दिइएको छ, जसको आधारमा उनीहरूले नि:शुल्क खाद्यान्न प्याकेज पाउँछन् - चामल, चाउचाउ, सार्डिनको बट्टा, सोया सस्, भिनेगर, खाने तेल, चिनी, नुन, कफी, कर्न्ड बिफ, टुथ पेस्ट, लुगा धुने साबुन, नुहाउने साबुन ।*

Source: Embassy of Phillipines in the UAE

२) ***पाकिस्तान :*** *रासन सहयोग फाराम अनलाइनमा राखिएको छ, र त्यही अनुसार रासन सहयोग वितरण गरिँदैछ ।*

Source: Embassy of Pakistan in the UAE

३) ***बंगलादेश :*** *सय मेट्रिक टन खाद्यान्न र औषधि सहित माल्दिभ्समा पानी जहाज पठाइएको छ । तदर्थ शैलीमा दूतावासहरूले पनि सहयोग उपलब्ध गराइरहेकै छन ।*

- **अस्थायी आश्रयस्थलको व्यवस्था गर्ने**

हाल विभिन्न देशस्थित नेपाली दूतावासमा उपलब्ध सेफ हाउस/आश्रय स्थलको सूचि तयार गरी हेर्दा त्यतिले आप्रवासी श्रमिकहरूलाई नपुग्ने देखिन्छ ।

देश	आश्रयस्थल	क्षमता
साउदी अरब	नेपाली दूतावासमा छुट्टै आश्रय	१२ (महिलाका लागि कोठा) ५४ (गाडी राख्न बनाइएको, कहिलेकाहीँ पुरुष श्रमिक पनि राखिन्छ) भान्साघर छैन, खाना बाहिरबाट ल्याउनु पर्छ ।
कतार	नेपाली दूतावासभित्र छुट्टै आश्रय कक्ष	४
कुवेत	दूतावासको बेसमेन्ट	२०, महिलाका लागि
यूएई	दूतावास परिसरमा भान्सा घरसहितको सानो कोठा	५, महिलाका लागि
ओमान	दूतावास परिसरभित्र	३०, भान्सा घर सहित (महिलाका लागि मात्रै)

ठूलो संख्यामा आप्रवासी श्रमिकहरूलाई आश्रय दिने क्षमता कुनै पनि देशमा रहेको नेपाली दूतावाससँग छैन । यसैले, ठूलो संख्यामा श्रमिकहरूलाई आश्रय दिनुपर्ने अवस्था आएको खण्डमा गन्तब्य देशका सरकारसँग समन्वय गर्नु आवश्यक छ ।

- **स्वास्थ्य सेवा (मनो-सामाजिक परामर्शसहित) को व्यवस्था**

  सङ्क्रमितहरूको संख्या बढेर स्वास्थ्य सेवा अपुग हुन थाल्ने बित्तिकै त्यसबाट बञ्चित हुने पहिलो समूह हो - आप्रवासी श्रमिक । यस्तो बेला टेलिमेडिसिनको विकल्प खोज्न सकिन्छ । भारतलगायतका देशले आप्रवासी श्रमिकाका लागि टेलिमेडिसिन/टेलि-मनोसामाजिक परामर्श सुरु गरेका छन् । भारतले कुवेतलगायतका देशमा मेडिकल टिम पनि पठाएको छ । प्रवासी श्रमिकलक्षित स्वास्थ्य सेवाका लागि यूएईमा स्वयंसेवी डाक्टर पनि भारतले परिचालन गरेको छ । अल्पकालीन रुपमा यो आवश्यक देखिँदैन, तर स्वास्थ्य सेवामा आप्रवासी श्रमिकको पहुँच पुऱ्याउन यस्ता विभिन्न विकल्पबारे ध्यान दिनु पनि आवश्यक देखिएको छ ।

- **उडान र हवाई टिकटको व्यवस्था**

  छानिएका आप्रवासी श्रमिकको स्वदेश फिर्तीका वभिन्न पक्षहरूको समन्वय गर्नु आवश्यक छ । नियमित विमान सेवामा बन्देज लागेकाले विशेष विमान सेवा सञ्चालनका लागि समितिले अनुमति लिनुपर्ने हुन्छ । चार्टर गर्नुपर्ने विमानका लागि एयरलाइन्स कम्पनीहरूसँग मोलमोलाई गर्नुपर्ने हुन्छ । आवश्यक सहमति लिनुपर्ने हुन्छ । यसमा सकेसम्म राष्ट्रिय ध्वजाबाहकको प्रयोग गरिने छ । यो कामको नेतृत्व नागरिक उड्डयन प्राधिकरणले गर्न सक्छ । टिकट सम्बन्धी व्यवस्थापनको कार्य तोकिएको निकायबाट गर्न सकिनेछ ।

  स्वदेश फिर्ताका लागि सबै हिसाबले तयार भएका आप्रवासी श्रमिकका लागि कसले टिकट बेहोर्ने भन्ने प्रश्न पैदा हुन्छ । यसका लागि विभिन्न वित्तीय स्रोतहरू खोज्न सकिन्छ । धेरै अवस्थामा रोजगारदाताले टिकट बेहोर्नु पर्छ । खासगरी श्रमिकलाई रोजगारीबाट निकालिएको छ भने रोजगारदाताले टिकट बेहोर्नु पर्ने हुन्छ । टिकटको लागि देहाय बमोजिमको व्यवस्था गर्न उपयुक्त देखिएको छ :

  १) कतिपय गन्तब्य देशका सरकारले वैधानिकता गुमाएका श्रमिकलाई घर जाने टिकट खर्च बेहोर्ने गरेको छ ।

  २) कतिपय अवस्थामा रोजगारदाताले खर्च बेहोर्छ ।

  ३) कतिपय अवस्थामा श्रमिक आफैं खर्च बेहोर्न सक्षम हुन्छन् । उदाहरणका लागि, ती श्रमिक जसले एक्जिट पास लिइसकेका थिए, तर लकडाउनका कारण स्वदेश फर्कन पाएका थिएनन् ।

  ४) कतिपय अवस्थामा रिक्रुटमेन्ट एजेन्सीलाई पनि टिकट बेहोर्न लगाउन सम्भव हुनसक्छ ।

  ५) कतिपय अवस्थामा खासगरी जोखिमपूर्ण अवस्थामा रहेका श्रमिकका लागि सरकारी कोष खर्च गर्नुपर्ने हुन सक्छ ।

श्रमिकहरूले आफ्नो टिकट खर्च आफैं जुटाउन सकून् भन्ने सुनिश्चित गर्न राजदूतावासको सक्रिय भूमिका आवश्यक हुन्छ ।

फिलिपिन्सः फिलिपिन्सले स्वदेश फिर्ता गराइने आप्रवासी श्रमिकलाई तीन समूहमा वर्गीकरण गरेको छ

1) श्रमिकलाई रोजगारीबाट निकालिएको अवस्थामा रोजगारदाताले टिकट खर्च बेहोर्नु पर्छ ।
2) श्रमिकको कुनै रोजगारदाता छैन भने साथी/परिवारको सहयोग खोज्ने
3) सरकारले प्रत्येक वर्ष छुट्याउने राष्ट्रिय कोष (२० मिलियन अमेरिकी डलर) बाट राजदूतावासले सहयोग प्रदान गर्ने ।

Source: Phillipines Overseas Employment Administraiton

- **कोभिड जाँचको अनिवार्य व्यवस्था गर्ने :**

  अहिलेको अवस्थामा कसरी यात्रा गर्ने भन्ने प्रोटोकलसहितको एसओपी (मानक सञ्चालक प्रक्रिया) तयार गरिनु पर्छ, जहाँ चार्टड विमान चढ्नुअघि अनिवार्य कोभिड-१९ परीक्षणबारे पनि उल्लेख हुनु पर्छ । कोभिड-१९ परीक्षणमा नेगेटिभ देखिएका आप्रवासी श्रमिकले मात्रै विमान चढ्ने छन् भन्ने पनि सुनिश्चित गरिनु पर्छ । यसका लागि दूतावासले गन्तब्य मुलुकको सरकारसँग समन्वय गर्नु पर्छ । यस क्रममा निम्न लिखित कुराहरू सुनिश्चित गर्नु पर्छ :

  १) चार्टड विमान चढ्न सबै आप्रवासी श्रमिकमा पछिल्लो २४ घण्टाभित्र कोभिड १९ को परीक्षण गरिएको हुनुपर्छ र उनीहरूको नतिजा नेगेटिभ आएको हुनु पर्छ ।

  २) चार्टड विमान चढ्ने सबै आप्रवासी श्रमिकसँग गन्तब्य मुलुकको सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा कोभिड-१९ परीक्षण गरिएको प्रमाण हुनु पर्छ ।

  ३) चार्टड विमान चढ्न लागेका श्रमिकमध्ये कसैमा पनि घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने, ज्वरो आउने, टाउको दुख्ने र खोकी लाग्नेजस्ता कोभिड-१९ का लक्षणहरू देखिएको हुनु हुँदैन । विमान चढ्नुअघि थर्मल डिभाइस प्रयोग गरी सबै श्रमिकको शरीरको तापक्रम मापन गरिनु पर्छ र सबैको एक्जिट अन्तर्वार्ता हुनु पनि आवश्यक छ ।

- **श्रम शिविरबाट विमानस्थलसम्म यात्राको व्यवस्थाः**

  राजधानी वा विमान चढ्ने सहरभन्दा बाहिर भएका आप्रवासी श्रमिकलाई अस्थायी बास, खाद्यान्न र यातायातको व्यवस्था हुनु पर्छ । लकडाउनलाई मध्यनजर गर्दै उनीहरू आफू बसेको ठाउँबाट विमानस्थल आउँदासम्मको यात्राको समन्वय हुनु पर्छ । यसका लागि दूतावास र सम्बन्धित गन्तब्य मुलुकका अधिकारीबीच समन्वय हुनु आवश्यक छ । रोजगारदाता, यात्रा गर्ने श्रमिकको रिक्रुटमेन्ट एजेन्सी र गैरआवासीय नेपाली संघ/सामुदायिक नेताको परिचालन पनि जरुरी हुन्छ ।

पाकिस्तानको अभ्यासः

- सबै यात्रुको लगेज सामानहरु कार्गो विमानबाट उडान हुने बित्तिकै एयरलाइन्स द्वारा किटाणुरहित हुनेछ । एयरलाइन्स कार्गोमा सामान चेकजाँच गर्ने काममा संलग्न स्टाफलाई उचित मास्क र ग्लोभ्सको व्यवस्था गर्न जिम्मेवार हुनेछ ।
- यात्रीहरुले झोलाबाट आफ्नो सामान आफैंले लिन पाउने छैनन् । सामान वितरणको काम सम्बन्धित एयरलाइन/जीएचए स्टाफले गर्नेछन् ।
- आगमनमा आइपुगेपछि यात्री र उडान टोलीलाई परिक्षणका लागि स्क्यानिङको अधिनमा राखिनेछ ।
- पाकिस्तानको आगमनमा आइपुगेपछि, सबै यात्रु र चालक दललाई कम्तिमा ४८ घण्टा राज्य अनुगमित क्वारेन्टाइनमा राखिने छ । क्वारेन्टाइन यात्रुको कोभिड-१९ परीक्षणको आधारमा विस्तार गर्न सकिनेछ, जुन ४८ घण्टा पछि गरिनेछ । परीक्षणमा नेगेटिभ नतिजा आउनेहरुलाई १४ दिनको अनिवार्य सेल्फ-क्वारेन्टाइनमा बस्न सल्लाह दिइनेछ ।
- क्वारेन्टाइन स्थलसम्म पुग्न यातायातको बन्दोबस्त सम्बन्धित अधिकारीहरुले मिलाउने छन् । एयरपोर्टमा उनीहरुलाई कसैसँग भेट्न दिइने छैन ।
- यात्रुहरुले होटलमा बस्न रोजको खण्डमा बसोबासको सम्पुर्ण अर्च उनीहरु स्वमंले नै तिर्नु पर्ने छ । र क्वारेन्टाइनमा बस्न चाहेको खण्डामा भने उनीहरुले दुई दिन निशुल्क बस्न पाउनेछन् ।
- यात्रुहरुले एकचोटि क्वारेन्टाइनमा बस्ने निधो गरिसकेपछि अति आवश्यकबाहेक थप सेवासुविधाको माग गर्न पाउने छैनन् ।
- यद्यपि सरकारले यात्रुहरुलाई उनीहरुको प्राथमिकता अनुसार आवश्यकता पुरा गर्न हरसम्भव प्रयास गर्नेछ । सिमित स्रोत साधन हुने भएकाले यात्रुहरुलाई सबै सेवासुविधाको ग्यारेन्टी गर्न सकिने छैन ।
- क्वारेन्टाइन अवधिभर त्यहाँ हुने सम्पुर्ण कुरामा अधिकारीहरुको निगरानी र उनीहरुलाई अधिकार हुनेछ ।

Source: https://dailytimes.com.pk/595507/covid-19-govt-approves-sops-for-private-intl-flight-operations-to-pakistan/

स्वदेश फिर्ताको अवस्थामा नियोगबाट सम्पादन हुनु पर्ने महत्वपूर्ण कार्यहरु :

(क) गन्तव्य मुलुकका सरकारसँग सम्झौता गर्ने :

✓ आप्रवासी कामदारहरु सुरक्षित छन् भन्ने सुनिश्चित गर्दै, खाना र आवासको लागि प्रयाप्त पहुँच छ, स्वास्थ्य सेवा छ, स्थिस्ति सामान्य नभएसम्मका कागजातपत्र अलि लचिलो बनाइ दिन सम्बन्धित मुलुकको सरकारसँग अनुरोध गर्ने ।

(ख) स्वदेश फिर्ता ल्याइनेहरुका लागि गर्नु पर्ने काम :

✓ गन्तव्य मुलुक छाड्न चाहनेहरुको लागि निकास प्रक्रिया सरल बनाउने,
✓ सम्पुर्ण सेवाका चाहिने प्रावधानको बन्दोबस्त पुरा भएको निश्चित गर्ने,
✓ सम्पुर्ण श्रमिकहरुको परिक्षण नेगेटिभ भएको प्रमाण जुटाउन स्वास्थ्य परीक्षण जाँच पुरा गर्ने,
✓ बाहिरी शहरसहित एयरपोर्टको लागि घरेलु यात्रा सुनिश्चित गर्ने,
✓ कामदारहरु एयरपोर्ट शहर बाहिरका छन् भने उनीहरुका लागि आवास र भोजनको प्रबन्ध गर्ने,
✓ रोजगारदाताले कामदारहरुको जिम्मेवारी वहन गर्नमा पहल गर्ने,
✓ कागजात नभएका, जेलमा रहेमा श्रमिकहरुको सन्दर्भमा लागत साझेदारीमा पारस्परिक रुपमा तिर्न सहमती गर्ने आदि ।

भारतः क्वारेन्टाइनका लागि एसओपि

स्वास्थ्य परिक्षण

- विमानबाट ओर्लिसकेपछि यात्रुहरुलाई एयरलाइन्सका कर्मचारीद्वार एपिएचओ स्वास्थ्य काउन्टरमा प्रारम्भिक परीक्षणका लागि थर्मन स्क्रिनिङ गराइने छन्, यदि कसैमा संकेत पाइन्छ भने उसलाई आइसोलेट गराइन्छ र विमानमा कार्यरत कर्मचारीहरुले उनीहरुलाई (एसओपस्) आधारमा क्वारेन्टाइनमा लगेर जान्छन् । *नोट*- एयरलाइन्सका स्टाफहरुले ग्राउण्डमा राम्रोसँग (एसआरएफस्) भरे नभरेको जाँच्छन् ।
- स्क्रिनिङ्पछि यात्रुलाई राहदानी र एसआरएफको एसआरएफ रिपोर्ट फारामको प्रतिलिपि सहित निर्दिष्ट काउन्टरमा जाने अनुमति दिइनेछ ।

अध्यागमन

- यात्रुहरुलाई तोकिएको अध्यागमन काउन्टरहरुको लागि निर्दिष्ट गरिनेछ, कुनै कारणले अन्य कुनै काउन्रटरमा भेटिएका आप्रवासीलाई पनि अध्यागमनले उसलाई तोकिएको काउन्टरमा जाने निर्देशन दिने
- अध्यागमन काउन्टरमा काम सकिएपछि राहदानीहरु अधिकारीहरुले राख्नेछन्
- ब्याज ३० का यात्रुलाई स्कर्ट टिमसँग हस्तान्तरण गरिनेछ (एयरलाइन्स र दिल्ली पुलिसले सिआईएसएफको नेतृत्व र डायलमा चौविसै घण्टा खटाएको ५ सदस्य टोली) । यात्रुहरुको राहदानी अध्यागमन स्टाफले (सिआइएफ अफिसर) को टिमलाई हस्तान्तरण गर्नेछ
- राहदानी यात्रुलाई दिइने छैन

सामान संकलन र भन्सार

- टोलीले यात्रुहरुसँग मिलेर सामान बटुलेर बेल्टमा सार्नेछ । यदि कुनै (थोरैको हराएको वा आउन ढिला भएको छ भने मात्रै उनीहरु रोक्न पाउँनेछन्) यात्रुको सामान आउन ढिला भयो वा हराएको छ भने उसले सम्बन्धित यात्रु टोलीका सदस्यसँग पछाडि बसेर आफ्ना सामान कुर्न सक्नेछ। र टिमा बाँकी सदस्यहरु र यात्रुहरु भन्सारतिर अगाडि बढ्नेछन् ।
- कस्टममा क्लियर नभएका यात्रुहरु सम्बन्धित यात्रु टोलीका सदस्यसँग पछाडि बसरे आफ्नो पालो कुर्न सक्नेछ भनेर कस्टम पुरा भएकाहरुले भने अगाडि बढ्नु पर्नेछ

कन्ट्रोल रुम

- कन्ट्रोल रुम इनचार्जले चेकजाँच र समन्वय काम गर्नेछ,
- स्कर्ट टोलीले कन्ट्रोल रुम इन्चार्जलाई रिपोर्ट गर्दछ, जसले ब्याजलाई काउन्टरमा खटाउँदछ

ट्राएज कक्ष

- टिम यात्रुलाई लिएर दिल्ली राज्यका अधिकारी भएको ट्रायज कक्षतिर सर्छ ।
- त्यहाँ मेडिकल अफिसर र प्यारा-मेडिकल स्टाफले विभिन्न नाम दिएर सञ्चालन गरेका पाँच वटा स्क्रिनिङ् काउन्टरहरु हुनेछन्, जसलाई दिल्ली सरकारले निर्देशत गरेको हुन्छ ।
- यात्रुहरुको सम्पुर्ण ब्याजलाई निर्देशित काउन्टरका मेडिकल अफिसर इन्चार्जको जिम्मा लागाइनेछ ।
- स्क्रिनिङ् परिक्षण गर्दा नतिजा नेगेटिभ आएका अथवा जोखिम नभएका यात्रुहरुलाई उनीहरुको राहदानी दिइ होम क्वारेन्टाइनमा पठाइन्छ । होम क्वारेन्टाइन सल्लाहकारले उनीहरुलाई राम्रोसँग बुझाएर घर पठाउँछ, घर गएर क्वोन्टाइनमा नबसेको नभेटिएमा उनीहरुलाई कडाभन्दा कडा कारवाही गरिने छ । ती यात्रुहरु (आइडिएसपी) को कडा निगरानीमा हुन्छन् । दिल्ली सरकारले यो कामका लागि आइडिएसपी को टोली बनाएर खटाएको छ ।
- उच्च जोखिम देखिएका यात्रुलाई सरकारले सञ्चालन गरेको क्वारेन्टाइनमा राख्नु अगाडि सेवा, सुविधा, शुल्कबारे उल्लेख गरिएको फारम भर्न लगाउँछ ।
- राज्य सरकारले प्रदान गरेको यातायात सुविधाको प्रयोग गरेर स्कर्टिङ टिमले उनीहरुलई स्कर्ट गर्नेछ ।

Source: Ministry of Health and Family Welfare. Government of India

- **<u>यात्राको दौरान ध्यान दिईनु पर्ने कुराहरु :</u>**

विमान चढ्नुअघि, विमान चढ्दा र विमान चढेपछि आप्रवासी श्रमिकले के गर्ने भन्ने कुरा प्रष्ट पार्न स्ट्यान्डर्ड अपरेशन्स् प्रसिज्यूर (मानक सञ्चालन प्रक्रिया)को आवश्यकता हुन्छ । यसमा विभिन्न पक्षहरूलाई समावेश गर्नु पर्छ । जस्तै- गन्तब्य मुलुक छोड्दा र स्वदेश आइपुग्दा स्क्रिनिङ (थर्मललगायत), पर्याप्त कर्मचारी, पर्याप्त पर्सनल प्रोटेक्टिम इक्विपमेन्ट (पीपीई), मास्क, ह्यान्ड स्यानेटाइजर, ग्लोभ्स्, पर्याप्त स्वास्थ्यकर्मी, व्यवस्थित सिट म्यापिङ, राम्रो सरसफाई, के गर्न हुन्छ के गर्न हुँदैन भन्ने विषयमा पर्याप्त ब्रिफिङ (कसरी कुरा गर्ने, खोक्ने, हाछ्युँ गर्ने, बाथरुम प्रयोग गर्ने, हात धुने, खानेकुरा लिनेलगायतका विषयमा प्रोटोकल), लगेज लिने तरिका, स्वास्थ्य फाराम, क्वारेन्टिन केन्द्रसम्म जाने यातायात साधनहरु सबै उच्च सावधानीका साथ सबै यात्रीको तथ्याङ्क राखिनु पर्छ ।

३.२ नेपाल पुगेपछि तत्काल चालिनु पर्ने कदमहरु :

(क) क्वारेन्टिन स्थलहरूको पहिचान

- स्वदेश फिर्ता भएका आप्रवासी श्रमिकलाई दुई साता क्वारेन्टिनमा राख्न जरुरी छ । यसका लागि जिल्ला जिल्लामा निश्चित ठाउँमा क्वारेन्टिन केन्द्रहरू तोकिनु पर्छ । तर, नेपालमा भएका क्वारेन्टिन स्थलहरू स्वदेश फर्किने आप्रवासी श्रमिकको संख्याका आधारमा पर्याप्त हुने गरी व्यवस्था गरिनु पर्दछ ।
- हाल नेपालमा रहेका क्वारेन्टिन केन्द्रहरूले कति आप्रवासी श्रमिकलाई धान्छन् भन्ने विश्लेषण गरिनु पर्छ ।
- क्वारेन्टिन स्थल तोकिन सक्ने ठाउँहरू:
  - ✓ होटल कोठा (पर्यटन मन्त्रालयले परिचालन गर्ने)
  - ✓ खुला ठाउँहरू, जहाँ आपतकालीन संरचना बनाउन सकियोस्
  - ✓ विद्यालयहरू, विश्वविद्यालयहरू
  - ✓ अन्य
- थप क्वारेन्टिन आवश्यक भएमा स्वीकृत न्यूनतम मापदण्डका आधारमा थप ठाउँलाई क्वारेन्टिन केन्द्र तोक्न सकिन्छ । यसका लागि,
  - ✓ पर्याप्त खर्च छुट्याइनु पर्ने ।
  - ✓ पर्याप्त पीपीई उपलब्ध गराइनु पर्ने ।
  - ✓ स्वदेश फर्केका आप्रवासी श्रमिकलाई पर्याप्त खाना, पानी, सुत्ने व्यवस्था, कपडा, औषधि र सञ्चारको व्यवस्था गर्ने ।
  - ✓ पर्याप्त स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र खाना पकाउने/सफा गर्ने कर्मचारीको व्यवस्था हुनु पर्दछ ।



- आप्रवासी श्रमिकलाई विमानस्थलबाट पहिल्यै निर्धारण गरिएको क्वारेन्टिन स्थलसम्म ल्याउन यायायातको व्यवस्था हुनु पर्छ । कोभिड-१९ परीक्षण नेगेटिभ नआएसम्म काठमाडौंको क्वारेन्टिन केन्द्रहरूमा राख्नु पर्ने हुन्छ । यसका लागि छुट्टै क्वारेन्टिन स्थलको व्यवस्था गरिनु पर्दछ ।
- स्वीकृत क्वारेन्टिन केन्द्रहरूको सूचि तयार भएपछि त्यसका लागि आवश्यक पर्ने बजेट र कर्मचारीको व्यवस्था गर्न सहज हुन्छ ।
- क्वारेन्टिन केन्द्रमा उपलब्ध सेवाबारे सुझाव दिन मिल्ने संयन्त्रको विकास गरिनु पर्छ ।

केरला भारतः
आउँदै गरेका श्रमिकहरुलाई राख्न अलग राख्न राज्यले विभिन्न जिल्लामा करिव साढे दुई लाख कोठाको पहिचान गरेको छ, जसलाई क्वारेन्टाइन केन्द्रका रुपमा रुपान्तरण गर्ने बनाउने छ । होस्टल, होटल, ठुल्ठुला सार्वजनिक भवन र निजी घरहरु र खाली ठाउँहरु पहिचान गरिसकेको छ राज्यले ।
Source: https://english.mathrubhumi.com/news/kerala/kerala-prepares-2-5-lakh-rooms-to-quarantine-returning-expats-1.4689751

पाकिस्तानः
क्वारेन्टाइन केन्द्र निमार्णका लागि पाकिस्तानले १४० स्थानहरु जस्तै स्कुल, होटल र २४,००० शैया व्यवस्था गरिसकेको छ ।

बंगलादेशः
बंगलादेश सरकारले विभिन्न, त्यसमा पनि मध्यपुर्वी देशहरुबाट स्वदेश फिर्ता गराउन लागेको आफ्ना नागरिकका लागि राजधानी ढाकामा ४००० हजार जनाका लागि र देशका अन्य जिल्लामा क्वारेन्टाइन केन्द्रको व्यवस्था गर्दैछ ।
Source: https://www.thedailystar.net/coronavirus-update-quarantine-centres-be-set-4000-incoming-expats-1893145

फिलिपिन्सः
फिलिपिन्समा ठूला होटलरुलाई क्वारेन्टाइन केन्द्र बनाइएका छन् । पर्यटन मन्त्रालयले त्यहाँको यातायात विभागलाई यात्रुलाई एरपोर्टबाट बोकेर होटलसम्म पुर्याउने जिम्मा दिएको छ ।
स्वदेश फिर्ता गरिएका आप्रवासी श्रमिकहरूलाई १४ दिने अनिवार्य क्वारेन्टिनमा राख्न ८७ कर्मचारी परिचालन गरिएका छन् । विभिन्न होटल क्वारेन्टिनहरूमा फ्रन्टलाइन कर्मचारीको २० वटा समूह खटाइएका छन् । फ्रन्टलाइन कर्मचारी र आप्रवासी श्रमिकमाथि कुनै विभेद वा दुर्व्यवहार हुन नदिन स्थानीय सरकारी युनिटहरूलाई आग्रह गरिएको छ । आफ्नै खर्चमा क्वारेन्टिनमा बस्छु भन्नेहरूलाई होटलको व्यवस्था गरिएको छ । सरकारी क्वारेन्टिन केन्द्र भने निःशुल्क उपलब्ध छ ।
Source: https://cnnphilippines.com/news/2020/4/23/tourism-department-hotels-returning-OFWs.html?fbclid=IwAR03pPiHVYYdkqoUDieVTyAAvPy6EYweO1dFaXcsTmSsArOSoDU40THIMMM

इन्डोनेसियाः नागरिकको स्वास्थ्य र सुरक्षाका लागि स्वदेश फिर्ता गरिएका सबै नागरिकलाई १४ दिन निर्दिष्ट ठाउँमा अलग्गै राखिएको छ । स्वदेश फर्कने सबै श्रमिकहरूको पहिलो र दशौं दिनमै ऱ्यापिड टेस्टिङ हुन्छ । क्वारेन्टिन स्थलमा शारीरिक व्यायाम र मनोसामाजिक मूल्याङ्कन पनि हुन्छ ।

पाकिस्तानः सरकारले उपलब्ध गराएको क्वारेन्टिनमा निःशुल्क बस्ने व्यवस्था छ, पैसा तिरेर होटलमा बस्न पनि सकिन्छ ।
Source: https://www.gulftoday.ae/news/2020/04/17/isolated-pakistani-passengers-asked-to-pay-for-hotel-expenses

(ख) विमानस्थलमा कोभिड चेक जाँच

- नेपाल फिर्ता भएका श्रमिकहरुलाई विमानस्थल हेल्थ डेस्कमा ज्वरो मापन पश्चात् विमानस्थल नजिकै पायक पर्ने स्थानमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनु पर्ने हुन्छ । यस क्रममा कामदारले विदेशमा कोभिड जाँच गरी नेगेटिभ भएको प्रमाणपत्र चेकजाँच गर्ने र पुनः RDT जाँचको व्यवस्था गर्नु पर्ने हुन्छ । हवाई यात्राको दौरान कोरोनाको लक्षण देखिकालाई तत्काल आइसोलेशनमा राख्ने, स्वाव टेष्ट वा उपचारका लागि अस्पताल पठाउनु पर्ने पनि हुनसक्छ । यो पक्षलाई ध्यानमा राखी उक्त स्वास्थ्य परीक्षण स्थलमा आवश्यक स्वास्थ्य उपकरण तथा स्वास्थ्यकर्मीको व्यवस्था गरी चेक जाँच गर्ने व्यवस्था मिलाउनु आवश्यक देखिन्छ ।
- विमानस्थल निकट स्थापित स्वास्थ्य परीक्षण स्थलमा चेक जाँच गर्दा स्वास्थ्यमा समस्या नदेखिएमा विमानस्थलबाट श्रमिकको गृह जिल्लासम्म सिधै निःशुल्क यातायातको व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । यसरी यातायातको व्यवस्था मिलाउदा गृह जिल्ला एउटै हुनेहरुको समूह मिलाई सबैको विवरण तयार गरी सोबारे सम्बन्धित स्थानीय तहको प्रमुखलाई तत्काल जानकारी गराउने र क्वारेन्टाईनमा राख्न अनुरोध गर्नु पर्दछ र यसको विवरण प्रदेश सरकारलाई समेत पठाउनु पर्ने हुन्छ ।

(ग) क्वारेन्टिन अवधिमा ध्यान दिनु पर्ने कुराहरु :

- क्वारेन्टिनमा बस्दा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने विषयमा सबैलाई राम्रोसँग बताउनु जरुरी हुन्छ । र्‍यापिड टेस्टको नतिजा कस्तो आउँछ, त्यसको आधारमा के गर्ने भन्ने पनि स्पष्ट रुपमा बताउनु पर्ने हुन्छ ।
- सङ्कलित तथ्याङ्कको आधारमा स्थानीय सरकारहरूलाई तयारी अवस्थामा राख्न समन्वय गर्नु पर्दछ । उदाहरणका लागि, सबैभन्दा बढी धनुषा, सिरहा, झापा, महोत्तरी, मोरङ, सर्लाही, सप्तरी, सुनसरी र नवलपरासीबाट नेपालीहरू काम गर्न विदेश गएका छन् । यसैले, स्वदेश फर्कने आप्रवासी श्रमिकहरू पनि यिनै जिल्लाका बढी हुन सक्छन् ।
- क्वारेन्टिनमा बसेका आप्रवासी श्रमिकको कोभिड-१९ परीक्षण गर्दा नेगेटिभ आएको, स्वस्थ अवस्थामा रहेको र त्यो पुष्टि गर्ने प्रमाणपत्र रहेको यकिन गर्नु पर्दछ ।
- जिल्ला सदरमुकामको क्वारेन्टिनमा रहेका श्रमिकलाई १४ दिनपछि आफ्नो गाउँसम्म पुग्ने यातायातको प्रबन्ध हुनुपर्छ । कोभिड-१९ परीक्षण गर्दा नेगेटिभ आएको प्रमाण भएकालाई मात्रै गाउँ फर्किने अनुमति दिनु पर्छ । काठमाडौंबाट भए कसरी जिल्लासम्म जाने भन्ने स्पष्ट प्रोटोकल हुनुपर्छ ।
- तोकिएको अवधिभर क्वारेन्टिन स्थलमा बसेकामध्ये बेखर्ची छन् भने घर फर्किने बेला यातायात खर्च लगायतका सहयोग गर्नु उपयुक्त हुन्छ ।
- स्वदेश फर्केका श्रमिकलाई सामाजिक लाञ्छनाबाट जोगाउन उनीहरूले १४ दिन क्वारेन्टिनमा बसेको र कोभिड-१९ को परीक्षण गर्दा नतिजा नेगेटिभ आएको कुरा आम मानिसलाई बुझाउनु पर्छ । यस विषयमा जनचेतना फैल्याउन सम्बन्धित क्षेत्रको स्थानीय सरकारले सचेतनामूलक सन्देशहरु व्यापक रुपमा प्रशारण गर्नु पर्ने हुन्छ ।
- क्वारेन्टिनमा रहेको अवस्थामा त्रास वा भयमुक्त बनाउन मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने, सामाजिक आर्थिक पुनर्एकीकरणको आवश्यकता रहेको श्रमिकको पहिचान गर्न आवश्यक विवरण संकलन गर्ने व्यवस्था हुनुपर्दछ ।
- आवश्यकता अनुसार घर फर्केका श्रमिकलाई स्थानीय तह मार्फत सामाजिक आर्थिक पुनर्स्थापना वा पुनर्एकीकरण कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाईनु पर्दछ ।

३.३ वैदेशिक रोजिगारबाट फर्केका श्रमिकको व्यवस्थापनका लागि तहगत भूमिकाः

क.सं	नेपाल सरकार	प्रदेश सरकार	स्थानीय सरकार
१	अन्तर्राष्ट्रय समन्वय र सहकार्य	अन्तर तह समन्वय गर्ने	आफ्नो भूगोलका बासिन्दाको लगत बमोजिम जिम्मा लिने,
२	उद्धार (कुटनीतिक पहल, यात्रा व्यवस्था, स्वदेश आगमन, गैह्र कानूनी हैसियतमा रहेका र सामान्य कसुरमा जेलमा रहेकालाई क्षमायाचनामा पहल)	आफ्नो प्रदेशका नागरिकका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सूचना प्रवाह	आफ्नो पालिकाको नागरिकका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सूचना प्रवाह
३	स्वदेश आवगमन पश्चात कोरोना परीक्षण,	क्वारेन्टाइनमा राख्ने वा क्वारेन्टाइनमा राख्न स्थानीय तहलाई सहयोग गर्ने	उनीहरुको स्वास्थ्य अवस्थाको रेखदेख गर्ने,
४	कोरोना प्रभावित नागरिकको उपचार	• कोरोना वा अन्य विमारीको रिफरल उपचार आवश्यक पर्नेहरुका लागि उपचार सेवाको व्यवस्था • कोरोनाका संकास्पद विरामीलाई कोरोना अस्पतालमा आइसोलेसनमा राखी थप परीक्षण गर्ने।	थप अवधि क्वारेन्टाइनमा वा आइसोलेसनमा राख्नु पर्ने भए सो को व्यवस्था गर्ने
५	निश्चित समय क्वारेन्टाइनमा राख्ने वा प्रदेश र स्थानीय तहलाई क्वारेन्टाइनमा राख्ने गरी जिम्मा लगाउने	स्वास्थ्य सचेतना कार्यक्रम	• घरसम्म लग्ने व्यवस्था मिलाउने, सहजीकरण गर्ने। • फर्किएका कामदारलाई निश्चित अवधि सम्म उनीहरुले पालना गर्नु पर्ने व्यवहार र आचरणका सम्बन्धमा अभिमुखीकरण । • फर्किएका श्रमिक र उनीहरुको परिवारमा कोरोना तथा अन्य स्वास्थ्य सचेतना
६	आ-आफ्नो प्रदेश वा स्थानीय तह नपुगुञ्जेल अस्थायी बास, खानेकुरा र यातायातको व्यवस्था	आ-आफ्नो स्थानीय तह नपुगुञ्जेल अस्थायी बास, खानेकुरा र यातायातको व्यवस्था	खानपिन तथा आवश्यक लजिष्टिक व्यवस्था
७	उनीहरुको पुनर्स्थापनाका लागि कार्यक्रम सहयोग	• रोजगार वा स्वरोजगार मूलक कार्यक्रम	• निजको सीप सम्बन्धी जानकारी लिई

		सञ्चालन परियोजना ● स्किमहरुको विकासफर्किएका कामदारलाई प्राविधिक तथा व्यवसायीक तालिम दिने ● उद्यमशीलता विकास कार्यक्रमको सञ्चालन गर्ने ● स्थानीय तहहरुलाई सहयोग र सहजीकरण गर्ने ।	अभिलेखीकरण गर्ने ● समस्यामा परी फर्किएका कामदारलाई पुनरएकीकरण गर्न वैदेशिक रोजगार वोर्डसंग सिफारिश तथा सहजीकरण गर्ने

३.४ निश्कर्ष एवं सुझावहरु

(क) स्वदेश फिर्ताको वैकल्पिक उपाय पहिचान गरी समाधानको पहल गर्नु पर्नेः

यदि गन्तब्य मुलुकमा रहेका आप्रवासी श्रमिकले रोजगारी गुमाएका छन् तर स्वदेश फर्किनुको सट्टा त्यहीँ बसेर नयाँ रोजगारीका अवसर खोज्न चाहन्छन् भने त्यहाँको सरकारसँग समन्वय गरी तिनका लागि उपयुक्त हुने रोजगारी पहिचान गर्नु पनि एउटा विकल्प हुन सक्छ । कोभिड-१९ महाव्याधिका बेला पनि वेरहाउजिङ, सुपरमार्केटका गोदाममा सामान राख्ने, सरसफाई, सेल्स र स्वास्थ्य उपकरणको उत्पादनजस्ता 'अत्यावश्यक क्षेत्र'मा काम गर्ने श्रमिकको आवश्यकता हुन्छ । यसैले, कतिपय आप्रवासी श्रमिक नयाँ रोजगारीका अवसर खोज्न चाहन्छन् भने घर फर्काउनुको सट्टा उतै अर्कै काम खोजेर व्यवस्थापन गर्न सकिने सम्भावना पनि छ । रोजगारी परिवर्तन गर्दा कागजपत्रहरू मिलाउनुपर्ने झमेलाबाट आप्रवासी श्रमिकलाई मुक्ति दिलाउन गन्तब्य मुलुकको सरकारसँग समन्वय गर्नु पर्ने हुन्छ ।

गन्तब्य मुलुकको राजधानी सहर बाहिर नेपाली दूतावासको सीमित उपस्थिति मात्रै छ । कतिपय गन्तब्य मुलुकमा त आवासीय मिशनहरू छँदै छैनन् । यसैले, स्वदेश फिर्ती प्रक्रियामा नेपाली समुदायका संस्था एवं नेताहरू परिचालन गर्नु आवश्यक हुन्छ । यसका लागि दूतावासहरूले स्वयंसेवी परिचालन योजना बनाउन सक्छन् । यस्तो योजनामा यी विषयहरू समेटिनु पर्छः १) आप्रवासी श्रमिक रहेको हरेक सहरबाट स्वयंसेवीका लागि आवेदन हाल्न आह्वान, २) स्वयंसेवी दर्ता/नियुक्ति, ३) स्वेदश फिर्ती प्रक्रियाको समन्वय एवं सहजीकरणमा स्वयंसेवीबाट कस्तो भूमिकाको अपेक्षा गरिएको छ भन्ने विषयमा छोटो अभिमुखीकरण वा तालिम, ४) उनीहरूको सम्पर्क फोन नम्बर अनलाइनमा प्रकाशन गर्ने ।

यस्तैगरी हाल आएर वस्तु उत्पादनको प्राथमिकताका आधारमा उत्पादनको स्वरुपमा परिवर्तन आएको पाईन्छ । कुनै बेला आर्थिक हिसावले टाट पल्टिसकेको मास्क, ग्लोब आदि बनाउने कारखानामा हाल आएर अत्याधिक कामदारको माग हुने क्रम शुरु भएको छ । त्यस्तैगरी स्वास्थ्य संस्थाहरुमा समेत कामदारको माग वृद्धि भएको छ । यो अवस्थालाई

समेत सदुपयोग गर्न सकिएको खण्डमा रोजगार गुमाई नेपाल फर्किन सक्ने कामदारको संख्या घटाउन सकिन्छ ।

(ख) तत्काल समितिको गठन तथा परिचालन :

पछिल्लो समयमा कोभिड १८ महामारीका कारण वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुलाई प्रभावकारी व्यवस्थापन मार्फत् सुरक्षित रुपमा घर परिवारमा पुनर्स्थापनाका लागि प्रतिवेदनमा सुझाए मुताविकका कार्यहरुमा सम्बद्ध सबै पक्षले संवेदनशील भई कार्यान्वयन गर्नु पर्ने निश्कर्ष रहेको छ । यस प्रतिवेदनमा प्रस्ताव गरिए बमोजिम स्वदेश तथा विदेशस्थित नियोगमा तत्काल कार्यादेश सहित समितिको गठन गरी परिचालन गर्नु पर्दछ । नेपाल सरकारका सम्बद्ध पदाधिकारीहरु बीच गहन छलफल पश्चात् प्रस्तावित समितिको संरचना तथा कार्यादेशमा समेत आवश्यकता बमोजिम थपघट गरी सम्बन्धित निकायबाट स्वीकृति पश्चात् तत्काल कार्यान्वयनमा लानु उपयुक्त हुने सुझाव रहेको छ ।

(ग) कार्ययोजनाको कार्यान्वयन :

प्रतिवेदनमा प्रस्तावित कार्ययोजनामा सम्बद्ध पक्षहरुबाट थप गहन छलफल तथा परामर्श गरी संशोधन सहित परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको छ । परिमार्जित कार्ययोजनालाई सम्बद्ध सबै पक्षको समन्वयमा कार्यान्वयन गर्न सकेमा कोभिड १९ महामारीबाट पीडित वैदेशिक रोजगारीमा कार्यरत् नेपाली कामदारलाई प्रभावकारी ढंगबाट व्यवस्थापन गर्न सकिने सुझाव रहेको छ ।

परिच्छेद-चार

रणनीतिक कार्ययोजना (नमूना)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

कोभिड १९ का कारणले रोजगारी गुमाई नेपाल फर्कने नेपाली कामदारहरुको लागि राहत उद्दार एकिकरण तथा व्यवस्थापन सम्वन्धी कार्ययोजना

चरण १: पूर्व तयारी								
क्र सं	मुख्य कामहरु	कामसंग सम्वन्धीत क्रियाकलापहरु	सूचकांक	जिम्मेवार निकाय	सहयोगी निकाय	समय	स्रोत परिचालन	अपेक्षित उपलब्धी
१.	तथ्यांक संकलन	अलपत्र परी नेपाल फर्किने कामदारको तथ्यांक संकलन	अलपत्र कामदारको विवरण	श्रम रोजगार तथा सा.सु. मन्त्रालय र नेपाली नियोगहरु	• परराष्ट्र मन्त्रालय • नेपाली नियोगहरु • एन.आर.एन.ए.	०७७ बैशाख २५	श्रम मन्त्रालय	अलपत्र कामदारहरुको विवरण उपलब्ध भएको हुने
२.	राहत	खाना र उपचारको लागि सहयोग	खाना र उपचारको लागि सहयोग प्राप्तगर्ने कामदारको विवरण	वैदेशिक रोजगार बोर्ड	• परराष्ट्र मन्त्रालय • नेपाली नियोगहरु • वै.रो. व्यवसायी संघ • एन.आर.एन.ए.	अवस्यकतानु सार	कामदार कल्याणकारी कोष	परराष्ट्र मन्त्रालयको सिफारिसमा नियोगमा खाना र उपचारकालागि सहायता रकम उपलब्ध भएको हुने
३.	उद्दार	अलपत्र कामदारको उद्दार गरी नेपाल ल्याउने	उद्दार भएका कामदारको विवरण	परराष्ट्र मन्त्रालय नेपाली नियोगहरु	• श्रम रोजगार तथा सा.सु. मन्त्रालय • वै.रो. व्यवसायी संघ	अवस्यकतानु सार निरन्तर	नेपाल सरकार	अलपत्र कामदार नेपाल फर्किएको हुने

चरण २: पूर्व घर फिर्ता								
क्र सं	**मुख्य कामहरु**	**कामसंग सम्वन्धीत क्रियाकलापहरु**	**सूचकांक**	**जिम्मेवार निकाय**	• **सहयोगी निकाय**	**समय**	**स्रोत परिचालन**	**अपेक्षित उपलब्धी**
४.	विदेशबाट फर्केका कामदारलाई क्वारेन्टिनमा राख्ने	विदेशबाट फर्केका कामदारलाई क्वारेन्टिनमा राख्ने	क्वारेन्टिमा बसेका कामदारको तथ्यांक	नेपाल सरकार, कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समिति	• श्रम रोजगार तथा सा.सु. मन्त्रालय, • गृह मन्त्रालय • स्थानीयतह	०७७ असार मसान्तसम्म	कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथाउपचार कोष	नेपाल फर्केका सबै नागरिकहरु अनिवार्य रुपमा क्वारेन्टिनमा बसेको हुने
५.	क्वारेन्टिनमा रहेका कामदारहरु को स्वास्थ्य जाँच गर्ने	क्वारेन्टिनमा रहेका कामदारहरुको स्वास्थ्य जाँच गर्ने	स्वास्थ्य जाँच तथा उपचार पाउनेको तथ्यांक	कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समिति	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	ऐ. ऐ.	ऐ. ऐ.	कोरोना संक्रमितको संख्या उपलब्ध भइ उपचार भएको हुने
६.	कवारेन्टिनमा रहेका कामदारको अवस्था विश्लेषण गर्ने	कवारेन्टिनमा रहेका कामदारको अवस्था विश्लेषण विवरण संकलन	सामाजिक आर्थिक अवस्थाबारे कामदारहरुको विवरण	श्रम रोजगार तथा सा.सु. मन्त्रालय	• वै.रो. विभाग, • वै.रो. वोर्ड	ऐ. ऐ.	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	वैदेशिक रोजगारबाट समस्यामा परी फर्केका कामदारको सामाजिक तथा आर्थिक अवस्थाबारे विवरण संकलन भएको हुने
७	कामदारहरु लाई मनो सामाजिक परामर्श	कामदारलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने	मनोसामाजिक परामर्श सेवा प्राप्त गर्नेहरुको विवरण	श्रम रोजगार तथा सा.सु. मन्त्रालय	मनोसामाजिक परामर्श सेवा प्रदायक संस्थाहरु	ऐ. ऐ.	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	फर्केका कामदारहरु भयमुक्त भई उच्च मनोबल प्राप्त भएको हुने
८	घर फिर्ता	सम्बन्धित स्थानीय तहलाई जानकारी गराई घर फिर्ता गर्ने	स्थानीय तहलाई पठाईएको पत्र तथा विवरण	श्रम रोजगार तथा सा.सु. मन्त्रालय	संघीय मामिला मन्त्रालय, स्थानीय तहहरु	ऐ. ऐ.	ऐ. ऐ.	घर फिर्ता भएको जानकारी स्थानीय तहले पाएको हुने

चरण ३: पुर्नःस्थापना तथा पुर्नःएकिकरण								
क्र सं	मुख्य कामहरु	कामसंग सम्वन्धीत क्रियाकलापहरु	सूचकांक	जिम्मेवार निकाय	सहयोगी निकाय	समय	स्रोत परिचालन	अपेक्षित उपलब्धी
९.	राष्ट्रिय पुनर्स्थापना तथा पुनर्एकीकरण निर्देशिका तर्जुमा	राष्ट्रिय पुनर्स्थापना तथा पुनर्एकीकरण निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने	पुनर्स्थापना र पुनर्एकीकरण निर्देशिका, विभिन्न सरकारी तथा गैरसरकारी एवं निजी क्षेत्रको पुनर्एकीकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट	वैदेशिक रोजगार वोर्ड	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	आ.ब. ०७७/७८ भित्र	वैदेशिक रोजगार वोर्ड	वैदेशिक रोजगारबाट फर्किएका कामदारहरु स्थानीय तहमा सामाजिक तथा आर्थिक रुपमा पुनर्स्थापित भएको हुने
१०.	सामाजिक तथा आर्थिक पुन-र्एकीकरण कार्यक्रम	बै.रो. बोर्डको सामाजिक तथा आर्थिक पुनर्एकीकरण कार्यक्रम विस्तार गरी कार्यान्वयन गर्ने	पुनर्एकीकरण कार्यविधि, २०७६ र पुन:एकीकरण तथा पुनर्स्थापना भएका कामदारहरुको विवरण	वैदेशिक रोजगार वोर्ड	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	निरन्तर	कामदार कल्याणकारी कोष	दूर्घटनावा बिरामी परी वा अन्य कुनै कारणले अलपत्र परी करार अवधि पूरा गर्न नसकी स्वदेश फर्किएका वैदेशिक रोजगारमा गएका कामदारको लागि पुन:एकीकरण तथा पुनर्स्थापना भएको हुने
११.	श्रम स्वीकृती पाएका तर लक डाउनका कारणले विदेश जान नपाएकाको व्यवस्थापन	श्रम स्वीकृति प्राप्त गरेका तर कोरोनाका कारण वैदेशिक रोजगारीमा जान नसकेका कामदारको व्यवस्थापन	व्यवस्थापन भएका कामदारको विवरण	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	नेपाल सरकार	निरन्तर	नेपाल सरकार	कामदारको व्यवस्थापन भएको हुने

चरण ४: अन्य व्यवस्थापनका कार्यहरु								
क्र सं	**मुख्य कामहरु**	**कामसंग सम्वन्धीत क्रियाकलापहरु**	**सूचकांक**	**जिम्मेवार निकाय**	• **सहयोगी निकाय**	**समय**	**स्रोत परिचालन**	**अपेक्षित उपलब्धी**
१२.	विदेशमा मृत्यु वरण गरेका कामदारहरु को शव नेपाल ल्याउने	वैदेशिक रोजगारका क्रममा कोरोना बाहेक अन्य कारण मृत्यु भएका र लक डाउनका कारण नेपाल ल्याउन नसकिएका नेपाली कामदारको शव नेपाल झिकाई परिवारलाई बुझाउने	मृतक कामदार तथा आर्थिक सहायता प्राप्त गर्ने परिवारको विवरण	वैदेशिक रोजगार बोर्ड	• परराष्ट्र मन्त्रालय • नेपाली दूतावास	०७६ जेष्ठमसान्त सम्म	कामदार कल्याणकारी कोष	लक डाउनका कारण विदेशमाअलपत्र परेका मृतक कामदारको शव नेपाल ल्याई निःशुल्क ढुवानी सहित सम्बन्धित परिवारले प्राप्त गरेको हुने र नियमानुसार बोर्डबाट रु ७ लाख आर्थिक सहायता प्राप्त गरेको हुने ।

अनुसूची-१

तत्काल उद्दार गर्नु पर्ने कामदारहरुको छनौटका लागि प्रयोग गर्न सकिने फारामको नमूना

(१) व्यक्तिगत विवरण :

(क) पूरा नाम, थर : .... (ख) लिंग : ☐ महिला ☐ पुरुष

(ग) पासपोर्ट नम्बर : ..... (घ) जन्म-मिति : .....

(ङ) नेपालमा घरको ठेगाना :

न.पा/गा.पा. ..... वडा नं. ..... टोल : .....

जिल्ला : ..... प्रदेश : ..... घरको सम्पर्क नम्बर : .....

(च) नेपालमा नजिकको नातेदारको फोन नम्बर : ..... नाता : .....

(छ) विदेशमा तपाईंको सम्पर्क फोन नम्बर : .....

(ज) मुलुकको नाम : .....

(२) तपाईको मार्फत वैदेशिक रोजगारीमा आउनु भयो ?

(क) म्यानपावर कम्पनीमार्फत

(ख) एजेन्टमार्फत्

(ग) व्यक्तिगत श्रम स्वीकृति लिएर

(३) वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) वा ऐजेन्टमार्फत भएमा,

(क) म्यानपावर/एजेन्टको नाम : .....

(ख) ठेगाना : .....

(ग) सम्पर्क नम्बर : .....

(४) वैदेशिक रोजगारीका लागि कति रकम म्यानपावर कम्पनी वा एजेन्टलाई बुझाउनु भयो ? रु. .....

(५) रोजगारीको वर्तमान अवस्था :

☐ रोजगारीमा छु

☐ रोजगारीमा छैन

(६) यदि रोजगारीमा छैन भने के गरि रहनु भएको छ ?

☐ तलबी छुट्टीमा बसिरहेको

☐ बेतलबी छुट्टीमा बसिरहेको

☐ एक्जिट स्ट्याम्प लागि सकेको

☐ कामगर्ने वैधानिक कागजात नरहेको (अलेखबद्धवाअवैधानिक)
☐ कोरोना भाइरसका कारण कम्पनी बन्द भै रोजगार गुमाएर बस्नु परेको
☐ अन्य भए खुलाउनुहोस् : .....

(७) यदि रोजगारीमा हुनुहुन्छ भने,

(क) रोजगारदाता/कम्पनीको नाम : .....

(ख) ठेगाना : .....

(ग) कम्पनी सुपरभाइजर वा सम्पर्क व्यक्तिको नाम : .....

(घ) सम्पर्क नम्बर : .....

(८) हाल तपाईंको रोजगारदाताको अवस्था कस्तो छ ? (कृपया कुनै एकमा रेजा (√) चिन्ह दिनुहोस्)

☐ कम्पनी सामान्य रुपमा चलिरहेको
☐ कम्पनी बन्द भइसकेको
☐ कम्पनी बन्द हुने जोखिममा रहेको
☐ कम्पनी सम्पर्क विहीन भएको
☐ अन्य भए खुलाउने - .....

(९) तपाई कार्यरत् रोजगारदाता/कम्पनीको प्रकार कुनहो ?(कृपया कुनै एकमा रेजा (√) चिन्ह दिनुहोस्)

☐ बहु राष्ट्रिय कम्पनी
☐ स्थानीय/राष्ट्रिय
☐ सप्लाई कम्पनी
☐ अन्य भए खुलाउने -
☐ घरेलु कामदार (स्पोन्सरको नाम, ठेगाना र सम्पर्क नम्बर खुलाउनुहोस): .....

(१०) हाल तपाईं कम्पनीमा के काम गर्नु हुन्छ? के सीप जान्नु भयो ? .....

(११) तपाईको मासिक पारिश्रमिक कति हो ? .....

(१२) तपाईले नियमित रुपमा पारिश्रमिक पाउनु भएको छ कि छैन ?

☐ छ
☐ छैन

(१३) भिसाको प्रकार (कृपया कुनै एकमा रेजा (√) चिन्ह दिनुहोस्) **:**

☐ रोजगारी भिसा (वर्क/इम्प्लोयमेन्ट भिसा)
☐ व्यवसाय भिसा (विजनेश भिसा)
☐ भ्रमण भिसा (भिजिट भिसा)
☐ डिपेन्डेन्ट भिसा
☐ अन्य भए उल्लेख गर्नुहोस् : .....

(१४) **भिसाको म्याद बाँकी छ ?**

- ☐ छ
- ☐ छैन

(१५) **यदि म्याद बाकी छ भने भिसा सकिने मिति :** .....

(१६) **वैधानिक एवं म्याद नसकिएको श्रम अनुमति पत्र (लेबर पर्मिट) छ ?**

- ☐ छ
- ☐ छैन

(१७) **उपलब्ध छ भने रेजिडेन्स कार्ड नम्बरः** .....

(१८) **इकामा/आई. डी. कार्ड/रेजिडेन्स पर्मिटको म्याद सकिने मितिः** .....

(१९) **नेपाल फर्कने कारण?**(कृपया कुनै एकमा रेजा (√) चिन्ह दिनुहोस्)

- ☐ **करार/भिसाको म्याद समाप्त भएकोले**
- ☐ **अवैधानिक भै काम गरिरहेको, आममाफीबाट लाभ लिएर जान लागेको**
- ☐ **कोरोनाको कारण रोजगार गुमाउनु परेकोले**
- ☐ **स्वईच्छाले रोजगार छाडेर नेपाल फर्कन लागेको**
- ☐ **अन्य भए उल्लेख गर्नुहोस्** .....

(२०) **यदि तपाई काम गरिरहनु भएको छैन भने काम गर्न छाडेको कति भयो?** .....

(२१) **पहिलेको श्रम सम्झौता (ओरिजिनल कन्ट्रयाक्ट) कति अवधिका लागि थियो ?**.....

(२२) **हाल बस्ने व्यवस्था कसले गरिरहेको छ ?**(कृपया कुनै एकमा रेजा (√) चिन्ह दिनुहोस्)

- ☐ रोजगारदाता (शिविरमा)
- ☐ रोजगारदाता (कोठामा)
- ☐ आफैं
- ☐ अन्य भए खुलाउने - .....

(२३) **हाल खाना कसले उपलब्ध गराइरहेको छ ?**(कृपया कुनै एकमा रेजा (√) चिन्ह दिनुहोस्)

- ☐ रोजगारदाता
- ☐ आफैं
- ☐ अन्य संघ संस्था
- ☐ साथी भाइ
- ☐ दूतावास
- ☐ अन्य भए खुलाउने - .....

(२४) **कुनै तलब/सुविधा लिन बाँकी छ कि छैन?**

- ☐ छ
- ☐ छैन
- ☐ छ भने कति रकम लिन बाँकी छ। .....

(२५) **नेपाल फर्किन हवाइ टिकटको व्यवस्था कसले गर्छ ?**

- ☐ आफ्नै पैसाबाट
- ☐ रोजगारदाता/कम्पनीले बेर्होछ।
- ☐ सम्वन्धीत देशको सरकारले बेर्होछ।
- ☐ अन्य.भएमा उल्लेख गर्नुहोस .....

म स्वेच्छाले नेपाल फर्कन चाहेको छु। उल्लेखित बमोजिमको विवरण ठीक/साँचो हो उक्त विवरण मैले मेरो राजीखुशीले भरेको हुँ।

निवेदकको दस्तखत:

मिति :